"जहाँ समस्या, त्यहि मधेशी आयोग"
"वहुआयामिक समृद्धि र सुशासनको अभियान,
लोक चेतना, रूपान्तरण, सशक्तीकरण र पहुँचको सुप्रस्थान"

## पूर्ण प्रविधिमैत्री "मधेशी आयोग"मा सम्पर्क तथा उजुरी गर्न सकिने तरिकाहरू

टेलिफोन नम्बर : ०१-५२६११८५
फ्याक्स नम्बर : ०१-५२६११८५
टोल फ्रि नम्बर : १६६०-०१-१६१८५
हेल्पलाइन नम्बर : ११४८

फेसबुक पेज : मधेशी आयोग-Madheshi Commission
ट्वीटर पेज : मधेशी आयोग

मोबाइल एप : मधेशी आयोग/Madheshi Commission
इमेल : madheshicommission@gmail.com
वेबसाइट : www.madheshicommission.gov.np

**आयोगको ठेगाना**

**मधेशी आयोग**
**ज्वागल, ललितपुर,**
**नेपाल**

चौथो वार्षिक प्रतिवेदन (आ.व. २०७८/७९)

# मधेशी आयोगको

## चौथो
वार्षिक प्रतिवेदन
(आ.व. २०७८/७९)




**मधेशी आयोग**
**ललितपुर, नेपाल**
**२०७९**

# मधेशी आयोगको

## चौथो वार्षिक प्रतिवेदन

(आ.व. २०७८/७९)

मधेशी आयोग
ललितपुर, नेपाल
२०७९

# मधेशी आयोगको चौथो वार्षिक प्रतिवेदन

प्रकाशक - मधेशी आयोग, ज्वागल, ललितपुर, नेपाल

फोन नं. +९७७-०१-५२६११८५

फ्याक्स नं.+९७७-०१-५२६११८५

हेल्पलाईन : ११४८

टोल फ्रि : १६६००११६१८५

अङ्क - चौथो

Website :www.madheshicommission.gov.np

Email: madheshicommission@gmail.com

सर्वाधिकार©मधेशी आयोग

कम्प्युटर-मुद्रण — दीपकिरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स, विजुलीबजार, काठमाडौं

# नेपाल

संघीय नेपालको प्रादेशिक सिमाङ्कन





# नेपालको राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म संस्कति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।





सम्माननीय राष्ट्रपतिज्यू समक्ष तेस्रो वार्षिक प्रतिवेदन पेश गर्नु हुदै आयोगका अध्यक्ष



सम्माननीय राष्ट्रपतिज्यूसँग आयोग परिवार

# आयोगका पदाधिकारी



**डा. विजय कुमार दत्त**
मा. अध्यक्ष



**जीवछ साह**
मा. सदस्य



**रेणु देवी साह**
मा. सदस्य



**विजय कुमार गुप्ता**
मा. सदस्य



**आभा कुमारी सिंह**
मा. सदस्य



**रूद्र प्रसाद लामिछाने**
सचिव

# मधेशी आयोग
ज्वागल, ललितपुर

पत्र संख्या: २०७९/८०
चलानी नं. : ५३

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५


मिति : २०७९ आश्विन २५

सम्माननीय राष्ट्रपतिज्यू ,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, काठमाण्डौं ।

**विषय- चौथो वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

नेपालको सविधानको धारा २९४ एवम् मधेशी आयोग ऐन, २०७४ को दफा २२ बमोजिम मधेशी आयोगले आर्थिक बर्ष २०७८/७९ मा सम्पादन गरेका कामसँग सम्बन्धित चौथो वार्षिक प्रतिवेदन यसै पत्रसाथ पेश गरेको छु ।

भवदिय

.................

डा.विजय कुमार दत्त
अध्यक्ष

# मन्तव्य

भनिन्छ, मानव अधिकार व्यक्तिको प्रकृति प्रदत्त, अन्तरनिहित, अहरणीय तथा जन्मसिद्ध अधिकार हो । मानिसलाई नागरिक, राजनितिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरु अपरिहार्य हुन्छन । यस उद्देश्य प्राप्तिको लागि नै मधेशी आयोग बनेको छ । नेपालीय भूगोलमा वसोवास गर्ने नागरिकहरुको समतामूलक विकास हुनुपर्छ । यो मूल्य र मान्यता मानव अधिकारको मौलिक सिद्धान्त भित्र पर्दछ । यसै सर्वकालीन र सार्वभौमिक मान्यताको व्यवहारमा नै उतार्न नेपालको संविधान अन्तर्गत भाग २७ मा अन्य मानव अधिकार सम्बन्धी आयोगको संवैधानिक व्यवस्था गरेको छ । यसै भागको धारा २६२ मा मधेशी समुदायको इतिहास र संस्कृति तथा सो समुदायको हक हितको उन्नयन, प्रवर्द्धन, रक्षा तथा सशक्तिकरणको लागि मधेशी आयोगको व्यवस्था रहेको छ । यो आयोगले समुदायको जनअपेक्षा, समस्या पहिचान, वर्ग पहिचान, विखण्डित तथ्याङ्क, जात तथा थर सूचीकरण, पञ्चवर्षिय योजनाको तर्जुमा तथा आवश्यक रहेका कार्यविधि, नियमावलीहरु बनाई सुसञ्चालनमा रहेको छ ।संवैधानिक दायित्वलाई मनसा, वाचा र कर्मणाले काम र दाममा सर्वोत्तम हुने प्रयास गरेको छ । विगतका आर्थिक वर्षहरुमा आयोग नेपाल सरकारद्वारा गठित वेरुजु अनुगमन तथा फछर्यौट समितिबाट सर्वोत्कृष्ट भई कर्मचारीहरु पुरस्कृत समेत भएका छन । तीन आर्थिक वर्षको संविधानतः प्रदत समय सीमा भित्र वार्षिक प्रतिवेदन सम्मानीय राष्ट्रपतिज्यूमा समेत पेश र प्रस्तुत गरी सकेको छ । ठिक त्यस्तै, संघीय संसदका समितिहरुमा समेत गहन र फलदायी छलफलहरु सुसम्पन्न गरी सकेको यथार्थपरक अवस्था छ । चौथो प्रतिवेदन आ.व. २०७८।७९ को पेश गर्न पाउँदा अत्याधिक गर्व महसुस गरेको छ ।

मधेशी आयोगको ऐन २०७४ को दफा ७ को खण्ड (ड) मा "मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने" भन्ने कानुनी दायित्व अनुसार २०७५ सालको वैशाख महिना देखि नै जनअपेक्षा, जनजिज्ञासा र जनभावना अनुसार अति न्यून वजेट विनियोजन भएता पनि सवै स्थानीय तह तथा जातिय संघ संस्थाहरुको सक्रिय सहयोगमा विज्ञहरुको एकल र संयुक्त टोलीहरुको भगिरथ प्रयासले जात र थर जस्तो दिर्घकालिन समस्या समाधान हेतु फलदायी कारय सुसम्पादित भएको छ । यसमा थप कार्यहरु प्राथमिक तथ्याङ्कको आधारमा बजेट विनियोजन हुनुपर्छ । यस थर सूचीकरणको प्रतिवेदन अनुसार मधेशी समुदायमै राखिनु पर्ने भावना अनुसार दुइ वटै जात समुदायलाई मधेशीकै थर तहत अंकित गरिएका छन् । हुनतः यी जात/समुदायका अगुवाहरुले हामी पनि मधेशी नै हौ भन्ने गरेका छन् र आयोगमा समेत जानकारी समेत गराएका छन । जम्मा १५१ वटा जातहरुका दुई हजार दुई सय भन्दा बढी थर रहेको देखिन्छ ।

आयोगले मधेशी समुदायको तथ्यगत जनसंख्याको लागि २०७७ सालमा निर्माण गरिएको "मधेश प्रोफाइल" लाई २०७९ को नयाँ जनगणना अनुसार अद्यावधिक गर्ने प्रकृयामा रहेको छ । यो प्रकृया पूरा भएपछि नेपालमा मधेशीको यथार्थपरक जनसंख्या जनसक्षम आउने छ । यसप्रकार नेपालमै प्रथम पटक को हुन मधेशी ? र यसको जनसंख्या कति हो भन्ने थाहा भएको छ र हुनेछ । २०७९ वैशाख ३० गतेमा सुसम्पन्न स्थानीय तहको निर्वाचनलाई आयोगले स्थलगत गरी आवश्यकता अनुसार समेत सिफारिस गरेको छ । मधेश के हो र को को हुन मधेशी? भन्ने जिज्ञासाको निदानार्थ मधेशी आयोगद्वारा गरिएको अध्ययन प्रतिवेदन २०७८ अनुसार हुन जान्छ । मधेशको सम्बन्धमा नेपाल प्रज्ञा प्रतिष्ठानको अध्ययन अनुसन्धान प्रतिवेदन २०४४ स्थाननाम पुस्तक अनुसार महाभारत र चुरे पहाडको तलको भाग चुरे भावरको पिधमा रहेको समथर भुभागलाई मधेश भन्ने व्याख्या गरेको देखिन्छ र यस भुभागमा वस्ने वासिन्दालाई मधेशी समुदाय भन्ने गरिएको छ । जसको सांस्कृतिक पहिचान एउटै भएको प्रायः देखिन्छ । त्रेतायुगमा लेखिएका विभिन्न पुराणहरुबाट यस समथर भुभागमा मुख्यतः मिथिला र अवधी क्षेत्र रहेको देखिन्छ । जसको इतिहास र संस्कृति संसारमा अक्षुण्य रहेको र विश्वलाई मार्गदर्शन गर्दै आएको देखिन्छ । द्वापरयुगमा "मत्यस्य" देशका मत्यस्यगन्धाको विवाह प्रतापी राजा शान्तनुसँग भएको पौराणिक इतिहास देखिन्छ र मत्यस्य देशबाट नै मधेश भएको पनि भनाई रहेको देखिन्छ । यस प्रकार नेपालको समथर र उब्जाउ भूमि मधेश हो भन्ने प्राय एउटै सांस्कृतिक, सामाजिक, वैदिक समानता भएको मानिसहरु मधेशी समुदायका हुन र यो समुदाय नेपालमा ७ वटा प्रदेश, ७७ वटै जिल्ला छरिएर स्थायी/अस्थायी वसोवास गर्दै आएका छन । विस्तृत यस सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गर्नका लागि आयोगले नेपाल सरकारलाई वजेट विनियोजन गरी पठाइ दिनु हुन र पञ्चवर्षिय रणनीतिक योजना तथा छुटै पनि पत्राचार गरेको छ । बजेट विनियोजन भएमा आयोगले अझै फलदायी अध्ययन अनुसन्धान गराउने नै छ ।

राज्यमा मधेशी समुदायको पहुँच सम्बन्धमा समेत अध्ययन गर्ने/गराउने योजनाका साथ कार्यलाई अग्रसरित गरेको छ, जसवाट वास्तविकता जनसमक्ष र राज्य समक्ष आउने छ । अतिविपन्न वर्गको र विपन्न वर्गको राज्यमा पहुँच न्यून संख्यामा नै रहेको देखिन्छ । आरक्षण "वर्ग पहिचान" को आधारमा भविष्य निर्धारण गर्नुको विकल्प नरहेको देखिन्छ । अग्रपंतिकाले मात्र लाभान्वित हुने र आधारभूत वर्ग सधैं पछाडि नै रहनु पर्ने समस्याको अन्त्य हुनु आवश्यक देखिन्छ । आरक्षण Caste हैन Class को आधारमा हुनुपर्छ, तर वर्गको पहिचान पत्र यथार्थपरक हुनै पर्छ । मधेशी महिला, दलित, जनजाति, आदिवासी, वनवासी, हरवाहा, चरवाहा सहितलाई यथार्थपरक पहिचान गरी सो वर्गमा रहेको अति विपन्न र विपन्न वर्गलाई राज्यको मुलधारमा ल्याई मुलुकको सर्वाङ्गिण विकास हुनुपर्छ ।

तराई मधेशका आधारभुत पालिकाहरु र प्रदेशहरुमा गुणस्तरीय शिक्षाको पहुँच झन टाढिदै गएको छ । उच्चशिक्षामा पहुँच न्यून हुँदै गएको छ । प्रभावकारी स्वास्थ्य व्यवस्था नभएकै हो । वैदेशिक रोजगारले आयमा र सामाजिक अनुहारमा परिवर्तन गरेको छ तर कुरीति, अव्यवस्था, अपराध आदिलाई कैयौं गुणा बढाएको छ । कृषिमा आधुनिकिकरण, व्यवसायीकरण, बजारीकरणको उचित व्यवस्था गरी स्वदेशमै रोजगारको व्यवस्था गर्नु अत्यावश्यक रहेको छ । माछापालन, नदिको वगरहरुमा "केरावगान" तथा अन्य वाली नालीको उत्पादन गरी उत्पादनमा स्वालम्वन र निर्यात गरी आयमा बढोत्तरी गर्न सकिन्छ । नदी नियन्त्रणमा कोसे ढुङ्गाको कार्य हुनेछ ।

संस्कृति र संस्कारमा धनाढ्य रहेको यस भुगोलका वासिन्दामा रुढिवादी तथा परम्परागत संस्कार, कुरीति, अन्धविश्वास, छुवाछुत, विभिन्न प्रकारका हिंसाहरु, दाइजो प्रथा जस्ता सामाजिक समस्याहरुले झन् गिजोलेको छ । कानूनी रुपमा र सामाजिक रुपमा जनचेतना जगाई व्यवहार र आचरणमा परिवर्तन गराउनु नै निर्विकल्प रहेको छ । विविधता विचको संयोगिता यहि नै मधेशीको विशेषताको पहिचान भएता पनि विगत केही दशक देखि "जातीय उन्माद र धार्मिक उन्माद" ले दिनप्रतिदिन समस्या ल्याउने गरेका छन । समाज विखण्डीकरणको भयावह रुप नलियोस् यसको लागि सरकारहरु समयमै सजग हुन आवश्यक रहेको छ। आयातिहरुद्वारा स्थापितहरुको विस्थापन भुसको आगो झैं फैलिरहेको छ । यसले परिणाम सुखद पक्कै ल्याउदैन।

यी तत्कालिन तथा दीर्घकालिन वाधा अवरोध, चुनौती र समस्याहरुको बीचमा मधेशी आयोगले आयोगका कर्मचारीहरु, आयोगका माननीय सदस्यहरु, शुभचिन्तकहरु, अगुवाहरु, सञ्चारकर्मीहरु तथा राज्यका विभिन्न पक्षहरुको "अथक" सहयोगले चुनौतीहरुलाई अवसरमा परिणत गर्दै सुनौलो विहान को पर्खाईमा रहेको छ। माटोको सुगन्ध नै नेपालीय संस्कृतिको सुगन्ध हो र यहि नै "सर्वेभवन्तु सुखिनः" को भावनालाई मूर्तरुपमा प्रदान गर्दैछ । यो प्रकृतिप्रदत, अन्तरनिहित, अहरणीय तथा जन्मसिद्ध अधिकार विक्रमित रुपमा भई प्राप्त रहोस यहि हो मेरो भावना ।

विश्वव्यापी सिद्धान्त पेरिस सिद्धान्त १९९३ र नेपालको संविधान अनुसार गठित मधेशी आयोगलाई मधेशी समुदायको विविध विषयहरुमा अध्ययन, अनुगमन, अनुसन्धान एवं छानविन गरी नेपाल सरकारमा तथा सम्बन्धित निकायहरुलाई सिफारिस गर्न सक्ने काम, कर्तव्य तथा अधिकारको व्यवस्था गर्न गरिएको छ । नेपाल सरकारले मानव अधिकार सम्बन्धी सन्धि र महासन्धिको अनुमोदनसँगै संविधान, कानुन र नीतिहरुबाट प्रत्येक नागरिकको अधिकारको प्रतिवद्धता गरेको छ र कार्यान्वयनको सुनिश्चितता गर्न मानव अधिकार सम्बन्धी संवैधानिक

संस्थाहरुको स्थापना गरेको छ । यसै क्रममा मधेशी आयोगको स्थापनाले मधेशमा भएका विभिन्न आन्दोलनहरुको मागलाई केही हदसम्म पुरा भएको देखिन्छ ।राज्यले आयोगद्वारा सिफारिस गरिएका वुँदाहरुलाई पूर्णरुपमा कार्यान्वयन गर्नुपर्ने दायित्व भएता पनि सो अनुसार गरेको पाइएन । यसबाट के देखिन्छ भने मुलुकले मानव अधिकार सम्बन्धी प्रतिवद्धता देखाउने/जनाउने तर पूरा नगर्ने परम्परावाहक बनेको छ । तसर्थ सिफारिसहरुलाई सकारात्मक रुपमा लिई दायित्व अनुसार कार्य सम्पादन गरी मुलुकलाई अग्रगामी पथको पायेकको रुपमा मानव अधिकारको संरक्षण, संबर्द्धन र सशक्तीकरण गर्नु राज्यको दायित्व हो ।

प्राप्त दायित्व अनुसार मधेशी आयोगले समन्वय, सहकार्य र सहअस्तित्वको भावनालाई अक्षरशः व्यवहार र आरचरणमा उतार्दै, अहोरात्र कार्य गर्दै आएको छ । जनविश्वास र जनअपेक्षाको चाङ छ । उजुरीहरु करिब ६०० को हाराहारीमा आएको छ । ९०% भन्दा बढि फछ्र्यौट भएका छन् ।

अन्तमा,

जय बुद्ध, जय नेपाल

जय जानकी, जय नेपाल ।

डा. विजय कुमार दत्त

अध्यक्ष

# प्राक्कथन

हाम्रो देश बहुल जातजाति, भाषाभाषीको राज्य हो । बहुलपना हाम्रो परिचय हो । देशमा रहेका विविध जातजाति, भाषाभाषी समुदाय मध्ये मधेशमा रहने जातजाती, भाषाभाषीको हकहितको संरक्षण र सम्बर्द्धनका लागि मधेशी आयोगको स्थापना भएको हो । आयोगको उद्देश्य बमोजिम आयोग आफ्नो कार्य क्षेत्रमा लम्किनै रहेको छ । आगामी दिनमा यसको उपादेयता अझै बढ्दै जानेछ भन्ने आशा एवम् विश्वासका साथ आ.व. २०७८।०७९ को वार्षिक प्रतिवेदन तयारीमा संलग्न सम्पूर्ण आयोग परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

रुद्र प्रसाद लामिछाने
सचिव

# विषय-सूची


| विषय | पेज नं. |
|---|---|
| कार्यकारी सारांश | i |
| परिच्छेद– १ | |
| प्रारम्भिक | १ |
| १.१ पृष्ठभूमी | १ |
| १.२ आयोगको उद्देश्य | १ |
| १.३ आयोगको काम, कर्तव्य र अधिकार | १ |
| १.४ संगठन | ४ |
| परिच्छेद–२ | |
| आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम | ५ |
| २.१ हक हितको संरक्षण | ५ |
| २.१.१ उजुरी | ५ |
| २.१.१ उजुरी | ५ |
| २.१.२ अनुगमनका कार्यक्रमहरु | ६ |
| २.२ अधिकारको प्रबर्द्धन तथा सशक्तीकरण | ६ |
| २.२.१ प्रतिवेदन प्रकाशन | ६ |
| २.२.२ मधेशी आयोगको ईच्छा: नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम | ६ |
| २.२.३ लोक सेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ७ |
| २.२.४ मधेशी समुदायको थर सूचीकरण | ८ |
| २.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया | ९ |
| २.३ आयोगका गतिविधीहरु | ९ |
| २.३.१ आयोगको बैठकका निर्णयहरु | ९ |
| २.३.२ आयोगको प्रेस विज्ञप्ति | ९ |
| परिच्छेद –३ | |
| ३. सुझाव तथा सिफारिस | १० |
| ३.१.१ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :- | १० |
| ३.२ थप सुझाव तथा सिफारिस | २० |

| | |
|---|---|
| परिच्छेद– ४ | |
| ४. भौतिक स्रोत साधन र उपयोगको अवस्था | २२ |
| ४.१ आयोगको भौतिक सम्पत्ति | २२ |
| परिच्छेद –५ | |
| ५. थर सूचीकरण | २३ |
| परिच्छेद–६ | |
| ६. उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु | २४ |
| ६.१ उपलब्धीहरु | २४ |
| ६.२ चुनौतीहरु | २६ |
| ६.३ आयोगको अपेक्षा तथा भावी कदमहरु:- | २७ |
| परिच्छेद–७ | |
| ७. कार्यक्रम र लागत | ३२ |
| अनुसूचिहरू | |
| अनुसूची- १ मधेशी आयोगको संगठन संरचना र कर्मचारीहरुको विवरण | ३३ |
| अनुसूची- २ आयोगमा परेका उजुरीहरुको विवरण | ३७ |
| अनुसूची- ३ प्रदेशगत कार्यक्रमहरु | ५३ |
| अनुसूची- ४ आयोगका पदाधिकारीहरुबाट गरिएको अनुगमन | ६२ |
| अनुसूची- ५ थर सूचीकरणको विवरण | ६८ |
| अनुसूची- ६ आयोगका वैठकहरु | १०० |
| अनुसूची–७ आयोगका भौतिक सम्पत्ति | १०९ |
| अनुसूची–८ आयोगका आर्थिक विवरण | १२१ |
| अनुसूची–९ आ.व. २०७८।७९ आयोगको आर्थिक विवरण | १२५ |
| अनुसूची - १० ऐनको दफा ११ अनुसारका कार्यक्रम | १२९ |
| अनुसूची - ११ विविध क्रियाकलापको फोटो ग्यालरी | १३२ |

# कार्यकारी सारांश

मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र मधेशी समुदायको सशक्तीकरण गर्नको लागि स्थापित यस संवैधानिक आयोगले आफ्नो स्थापना काल देखि संवैधानिक परिधि तथा ऐन कानुन भित्र रही कार्यहरु सम्पादन गर्दै आइरहेको छ ।

## १. हक हितको संरक्षण

### (क) उजुरी

मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी आयोगको ऐनको दफा ७ (ठ) अनुसार सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कानुनी जिम्मेवारी अनुसार प्रतिवेदन अवधिमा कुल ११४ वटा उजुरी तथा गुनासाहरु आयोगसमक्ष प्राप्त भएका छन् । यस आयोगले पिडितलाई न्याय दिलाउन ती वार्षिक रुपमा प्राप्त भएका उजुरीहरुको आवश्यक छानबिन तथा तहकिकातका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाएको छ ।

(परिच्छेद २ सँग सम्बन्धित)

### (ख) अनुगमन

आयोगको ऐनको दफा ७ (च) अनुसार मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि आवश्यक अनुगमन गरी सम्बन्धित निकायमा सिफारिस गर्ने हेतुले प्रदेशगत रुपमा विभिन्न जिल्लाहरुको अनुगमन भएको थियो । खुल्ला सीमाना, महिला हिंसा, नागरिकता र दाइजोको कारण उत्पन्न समस्याहरुको बारेमा, दलित समुदायमा हुने विभिन्न समस्याहरुको बारेमा, किसान आन्दोलनको बारेमा, बाढी पहिरोले पुऱ्याएको क्षतिको बारेमा बुझ्न स्थलगत अनुगमन भएको थियो । त्यसैगरी थर सूचीकरणको बारेमा मधेशी समुदायमा देखिएको जातीय, धार्मिक तथा साम्प्रदायिक विवादको विवरण बुझ्न अनुगमन गर्न विभिन्न प्रकारका हिंसाहरुबाट सिर्जित समस्यालाई बुझ्न मधेशी समुदायको सशक्तीकरणको लागि चाल्नुपर्ने कदमको सन्दर्भमा सुझाव लिनका लागि तत् तत् क्षेत्रमा अनुगमन गरी सुझाव लिई

प्रतिवेदन तयार गरिएको थियो । साथै आयोगमा दर्ता भएका उजुरीहरु माथि सत्य तथ्य बुझ्ने गरी आयोगबाट अनुगमन भएको थियो । सो को आधारमा आयोगबाट आवश्यक छानबिन गरी कारबाही गर्नुपर्ने विषयमा सम्बन्धित निकायमा सिफारिस गरी पठाइएको थियो ।
(परिच्छेद २ सँग सम्बन्धित)

## २. सम्बर्द्धन

### (क) थर सूचीकरण

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को खण्ड (ड) मा मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेकोले सोही अनुसार २०७५ साल देखि नै जन अपेक्षा, जन जिज्ञासा र जनभावना अनुसार थर सूचीकरण कार्यको थालनी गरियो । सोही बमोजिम विद्यमान द्वितीय तथ्याङ्कलाई आधार मानी “मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८” तयार गरी प्रकाशित गरिएको छ ।
परिच्छेद २ सँग सम्बन्धित)

### (ख) अन्तरक्रिया कार्यक्रम

प्रतिवेदन अवधिमा दर्जनौ भन्दा बढी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएका छन् । आयोगको ऐनको दफा ७ (ज) अनुसार इतिहास, भाषा, कला, संस्कृति सम्बन्धी काम गर्दै आइरहेका तीनै तहका संघ, प्रदेश र स्थानीय बुद्धिजीवीहरु, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि, जिल्लास्तरीय कार्यालय प्रमुखहरु एवम् आवश्यक पर्ने अन्य सरोकारवाला संस्था र व्यक्तिसँग आयोगले अन्तरक्रिया गरी आवश्यक पृष्ठपोषण लिदै आएको छ ।सो सन्दर्भमा कार्यपत्रात्मक कार्यक्रमहरु समेत सम्पन्न गरिएको थियो । साथै जितिया पर्वको अवसरमा व्रतिहरुलाई राजपत्रमै प्रकाशित गरी विदा दिन समेत माग भए बमोजिम नेपाल सरकारले राष्ट्रिय विदा घोषणा गरेको छ । संविधान सभाको सम्माननीय अध्यक्ष सुभास नेम्वाङ्गज्यूको अध्यक्षतामा सम्पन्न भएको महिला हिंसा, नागरिकता

र खुल्ला सीमानाको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । यस्ता कार्यक्रमबाट मधेशी समुदायको हकहितको संरक्षण, सम्वर्द्धन तथा सशक्तीकरणका लागि तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषयमा आयोगको मात्र भूमिका नभई सवै सरोकारवालाहरुको उतिकै जिम्मेवार र दायित्व रहेको कुरा ती समुदायहरुमा सम्प्रेषण गर्न आयोग सफल भएको छ ।

**(ग) सशक्तीकरण**

समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प नेपालको संविधानले आत्मसात गरेको छ । साथै मधेशी समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदाय भित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने राज्यको नीति रहेको छ । त्यसैगरी मधेशी आयोग ऐनमा मधेशी समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्न, भइरहेका कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा सुधार गर्न, सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्न नीति निर्माणका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने र कार्यक्रम आयोग स्वयमले गर्ने व्यवस्था रहेको छ ।

सोही अनुरुप मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्न लाई यस आयोगको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख छ । राष्ट्र निर्माणमा युवाहरुको भूमिका अहम् हुने हुँदा उनीहरुलाई राज्यको मूलधारमा ल्याउनुपर्ने आवश्यक हुन्छ । यही कुरालाई मध्यनजर गर्दै मधेशी आयोगले युवाहरुका लागि लोकसेवा आयोगमा सहज पहुँच होस भन्ने हेतुले अभिमुखीकरण कार्यक्रम संचालन गरेको थियो । मूलतः मधेशी समुदायको सशक्तीकरण र पहुँचको लागि राज्यले हरेक निकायमा आरक्षणको व्यवस्था गरेको छ । सोही अनुरुप ती व्यवस्थाहरुको बारेमा जानकारी दिने, निजामती सेवा प्रवेश कसरी गर्ने, सेवा भित्र के कस्ता अवसरहरु छन, सेवा प्रवेशका लागि के कति योग्यता

आवश्यक पर्छ आदि विषयमा प्रशिक्षण दिने तथा सहभागीहरुका जिज्ञासा संवोधन गर्ने ध्येयले मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरधाम, वागमती प्रदेशको हेटौडा, कर्णाली प्रदेशको सुर्खेत जिल्लामा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

## २.२ अधिकार प्रर्वद्धन तथा सशक्तीकरण

### २.२.१ प्रतिवेदन प्रकाशन

यस आयोगले आफूले गरेको काम कारबाहीको पहिलो, दोस्रो र तेस्रो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरेको छ ।

संविधानको धारा २९४ (२) अनुसार, प्रदेश १, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुखहरु समक्ष पनि प्रतिवेदन पेश गरिएको छ ।

### २.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि प्रदेश १ सुनसरी, मधेश प्रदेशको जनकपुरधाम, लुम्विनी प्रदेशको नेपालगंज, सुदुरपश्चिमको धनगढीमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

(परिच्छेद २ सँग सम्बन्धित)

### २.२.३ लोक सेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा मधेशी समुदायको हकहितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई यस आयोगको काम, कर्तव्य र अधिकार बमोजिम मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले मधेश प्रदेशको जनकपुरधाम, वागमती प्रदेशको हेटौडा र कर्णाली प्रदेशको सुर्खेतमा अभिमूखीकरण कार्यक्रम संचालन गरिएको थियो।

### २.२.४ मधेशी समुदायको थर सूचीकरण

मधेशी आयोग ऐन, २०७४ अनुसार "मधेशी समुदाय" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । सो ऐनको दफा ७ (ड) मा मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनी दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ ।आर्थिक वर्ष २०७७।७८ मा नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन कार्यको सुरुवात गरिएको थियो । तर कामको व्यापकता सीमित स्रोत/साधनको कारणले द्वितीय तथ्थांकमा आधारमा प्रतिवेदन तयार पारिएको छ । नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ को दोस्रो तथ्याङ्कको आधारमा प्रतिवेदन तयार पारिएता पनि मधेशी समुदायको थर सूचीकरण सम्बन्धमा गरिने अध्ययन अनुसन्धान अझ व्यापक, बृहत, सम्वेदनशील र चुनौतीपूर्ण रहेकोले नेपाल सरकारले स्रोत सुनिश्चित गरेमा यसको अध्ययन प्रथम तथ्थांकलाई प्रमुख आधार बनाई अध्ययन गर्नुपर्ने देखिन्छ। यस प्रतिवेदनमा जम्मा १५१ वटा जात र सो जातजाति भित्र विभिन्न थरहरु समावेश भएका छन् ।

(थरको विस्तृत विवरण अनुसूची ५ मा दिइएको छ)

### २.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल

आयोगले विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो। सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ ।

## २.३ आयोगका गतिविधीहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार संबैधानिक निकायको रुपमा स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विभिन्न विषयमा निर्णय गरिएको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची - ६ मा उल्लेख गरिएको छ ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो संबैधानिक भूमिका निर्वाह गर्ने क्रममा विभिन्न मितिमा आयोगमा बैठक बसी विभिन्न विषयमा प्रेस विज्ञप्ति जारी गरेको छ । उक्त प्रेस विज्ञप्ति सम्बन्धमा अनुसूची-७ मा उल्लेख गरिएको छ ।

## ३. सिफारिस

### (क) आयोगबाट गरिएका सिफारिस

मधेशी आयोगको ऐन अनुसार तराई मधेशमा बाढीले पुऱ्याएको क्षति न्यूनीकरण गर्न, चुरेको विनाशलाई रोक्न, अवैध जंगल कटानलाई रोक्ने कार्यको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई प्रभावकारी बनाउनुपर्ने, नेपाल-भारत सीमामा देखिएको समस्यालाई दिगो रुपमा द्विपक्षीय वार्ता मार्फत समाधान गर्न, तराई-मधेशमा रहेका पुरातात्त्विक महत्वका मठ-मन्दिरलाई उचित संरक्षण र विकास गर्न तथा विश्व-प्रसिद्ध जानकी मन्दिलाई विश्व-सम्पदा सूचीमा सूचीकृत गर्न सरकारलाई सुझाव दिईएको थियो । वालविवाह, दाईजो प्रथा, बहुविवाह, बोक्सी, धामी, झाँक्री जस्ता कुरिति, अन्धविश्वास र छुवाछुत न्यूनिकरण सम्बन्धमा समेत सिफारिस गरिएको थियो ।

(परिच्छेद ३ सँग सम्बन्धित)

# परिच्छेद - १
# प्रारम्भिक

## १.१ पृष्ठभूमिः

मधेशी समुदायको हक हित प्रबर्द्धन गर्दै उनीहरुलाई राज्यको मूलप्रवाहमा प्रवाहीकरण गर्न नेपालको संविधानको धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले मधेशी आयोग ऐन, २०७४ बनाई मिति २०७४।०६।२७ गते सम्माननीय राष्ट्रपतिबाट प्रमाणीकरण भइ विधिवत रुपमा मधेशी आयोगको गठन भएको हो। नेपाल सरकारको मिति २०७५।०७।२७ गतेको निर्णयबाट मधेशी आयोगको कार्यालय स्थापना भएको हो । यस आयोगका प्रथम अध्यक्षको रुपमा माननीय डा. विजयकुमार दत्त नियुक्त हुनु भई मिति २०७५।१२।०७ मा सम्माननीय राष्ट्रपतिज्यू समक्ष शपथ ग्रहण पश्चात सोही दिन पदबहाली तथा कार्य प्रारम्भ गर्नु भई मधेशी आयोगको नेतृत्व गर्दै आउनुभएको छ । त्यसैगरी मिति २०७७।१०।२१ मा सदस्यको रुपमा माननीय सदस्य जीवछ साह, माननीय सदस्य रेणु देवी साह र माननीय सदस्य विजय कुमार गुप्ता र मिति २०७८।३।१० मा माननीय आभा कुमारी नियुक्त भई सपथ ग्रहण गरी कार्य प्रारम्भ गरे सँगै यस आयोगले पूर्णता पाएको छ ।

## १.२ आयोगको उद्देश्यः

नेपालको संविधानको धारा २६२ तथा मधेशी आयोग ऐन, २०७४ मा व्यवस्था भए बमोजिम मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको छ ।

## १.३ आयोगको काम, कर्तव्य र अधिकारः

मधेशी आयोग ऐन, २०७४(संशोधन सहित) को परिच्छेद ३ को दफा ७ मा मधेशी आयोगको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम तोकिएका छन् ।

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने, ।

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

यस बाहेक मधेशी आयोग ऐन, २०७४ को दफा ८,९,१० र ११ मा देहायका थप अधिकारहरु समेत रहेका छन:

(क) आयोगले आफ्नो काम कारबाहीको सम्बन्धमा अन्य संवैधानिक निकाय, सरकारी कार्यालय वा सार्वजनिक संस्थासँग समन्वय गर्न तथा परामर्श गर्न वा राय लिन सक्ने,

(ख) आयोगले मधेशी आयोग ऐन, २०७४ र प्रचलित सङ्घीय कानून बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित सङ्घीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्ने,

(ग) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले कार्यावधि तोकी कुनै समिति वा कार्यदल गठन गर्न सक्ने,

(घ) आयोगले आवश्यकता अनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्ने ।

## १.४ संगठनः

आयोगको कार्यसंचालनको लागि काठमाडौं उपत्यकामा आयोगको कार्यालय रहने कानूनी व्यवस्था रहेकोले ललितपुर जिल्लास्थित ज्वागलमा आयोगको कार्यालय स्थापना भएको छ ।

नेपालको संविधानको धारा २६२ को उपधारा (१) मा व्यवस्था भए बमोजिम आयोगमा १ जना अध्यक्ष र ४ जना सदस्यहरु कार्यरत रहनुभएको छ ।

आयोगको काम कारबाही सूचारु गर्नको लागि नेपाल सरकारबाट संशोधित एवम् स्वीकृत संगठन संरचना बमोजिम रा.प. प्रथम श्रेणी (नेपाल प्रशासन सेवा) को सचिव लगायत २७ जना कर्मचारी रहने गरी दरवन्दी स्वीकृत भएको छ । संगठन संरचना र आयोगमा कार्यरत कर्मचारीहरुको विवरण अनुसूची-१ मा दिइएको छ ।

# परिच्छेद— २

## आयोगबाट सञ्चालित गतिविधि र कार्यक्रम

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान हक हितको संरक्षण र सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि नेपालको संविधानको धारा २६२ मा व्यवस्था भए बमोजिम मधेशी आयोगको स्थापना गरिएको छ ।

मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा आयोगबाट तपसिल बमोजिमका गतिविधिहरु सञ्चालन गरियो ।

### २.१ हक हितको संरक्षण

### २.१.१ उजुरी

मधेशी आयोग ऐन, २०७४ को दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । सो दफाको उपदफा (ठ) मा मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ । पत्र, व्यक्ति, टेलिफोन, संस्थाहरु, सामाजिक सञ्जाल, मौखिक, विद्युतीय माध्यमबाट आर्थिक वर्ष २०७८/७९ मा कुल ११६ वटा उजुरीहरु प्राप्त भएका छन । आयोगमा प्राप्त हुन आएका उजुरी विभिन्न माध्यमबाट संकलन गर्ने, आयोग समक्ष पेश गर्ने र कार्यान्वयनका लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्य सम्पन्न भएको छ । यस सम्बन्धी विस्तृत विवरण यस प्रतिवेदनको अनुसूची-२ मा उल्लेख गरिएको छ ।

### २.१.२ अनुगमनका कार्यक्रमहरु

मधेशी आयोग ऐन, २०७४ मा भएको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न आयोगबाट विभिन्न प्रदेश, जिल्ला, क्षेत्र र समुदायमा अनुगमनको कार्य भएको थियो। आयोगबाट भएको अनुगमन सम्बन्धमा विस्तृत विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ ।

## २.२ अधिकार प्रवर्द्धन तथा सशक्तीकरण

### २.२.१ प्रतिवेदन प्रकाशन

यस आयोगले आफुले गरेको काम कारबाहीको पहिलो, दोस्रो र तेस्रो वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको थियो ।

संविधानको धारा २९४ (२) अनुसार प्रदेश १, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष पनि प्रतिवेदन पेश गरिएको थियो ।

### २.२.२ मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत विभेद जस्ता साँगुरो सोचवाट गुज्रिरहेको छ । यस्तो सोँचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ ।

नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोचको विकास तथा क्षमताहरुको अभिबृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ । मानिस नैतिक रुपमा सफा हुनु पर्दछ । जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढ्दै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन् । परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने भएकोले मधेशी आयोगको ईच्छाः **नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा** को लागि प्रदेश १ सुनसरी, मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी, लुम्विनी प्रदेशको नेपालगंज, सुदुरपश्चिमको धनगढीमा अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो। यो कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरु निम्नानुसार लिपिबद्ध गरिएको छ । साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ ।

१. यो शिक्षा मानब कल्याणका लागि हुनुपर्ने ।
२. सामाजिक कु-संस्कार कुरीति र अन्धविश्वासलाइ चिर्दै उज्यालो दिशा तिर उन्मुख हुनुपर्ने ।
३. समाजमा रहेका राम्रा पक्षलाई प्रेरित गर्ने खालको हुनुपर्ने ।
४. समाज र राष्ट्रको विकासका लागि व्यक्तिगत सदाचार, स्वाबलम्बीले ठूलो भुमिका खेलेको हुन्छ भन्ने कुरामा जोड दिनुपर्ने ।
५. व्यक्तिको ब्यबहार, विनम्रता, आदर, संस्कार जस्ता आधारभूत आवश्यक मान्यताहरुमा विशेष जोड दिनुपर्ने । जसवाट वाल—वालिकाहरु भविष्यमा असल र कुशल नागरिक भै देश, समाज र विश्व मै अनुकरणीय उदाहरण बन्न सकुन् ।

## २.२.३ लोक सेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम

नेपालको संविधान, २०७२ को भावना अनुरुप संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ । नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित राज्य भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ ।यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तिकरण गरि प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ । यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको सशक्तीकरण गर्ने ध्येयले मधेश प्रदेशको

जनकपुरधाम, वागमती प्रदेशको हेटौडा र कर्णाली प्रदेशको सुर्खेतमा अभिमूखीकरण कार्यक्रम संचालन गर्ने कार्य सम्पन्न भयो । यो कार्यक्रम संचालनको क्रममा सहभागीहरुबाट प्राप्त हुन आएका सुझावहरुलाई निम्नानुसार लिपिबद्ध गरिएको छ । साथै यस सम्बन्धी कार्यक्रमहरु प्रदेशगत रुपमा राखिएको छ ।

**प्राप्त सुझावहरुः-**

१. लोक सेवा तयारी कक्षा संचालन तीनै तहको सहकार्य, समन्वयमा प्रभावकारी र फलदायी हुनुपर्ने ।
२. हरेक वर्ष सबैपदको छुट्टाछुट्टै कक्षा संचालन हुनुपर्ने ।
३. सीमित बजेटबाट तयारी कक्षा संचालन गर्नु पर्ने अवस्थामा आर्थिक रुपले विपन्न मधेशी समुदायका विद्यार्थीलाई समावेश गर्नु उपयुक्त हुने ।
४. तयारी कक्षा अत्यन्त फलदायी भएकोले यस्ता कार्यक्रमलाई निरन्तरता प्रदान गर्नुपर्ने।
५. ग्रामिण भेगमा पनि शहर जस्तो लोकसेवा तयारी कक्षाका इन्स्टिच्युटहरु हुनुपर्ने ।

## २.२.४ मधेशी समुदायको थर सूचीकरण

मधेशी आयोग ऐन, २०७४ अनुसार “मधेशी समुदाय” भन्नाले “मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ” भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । सो ऐनको दफा ७ (ड) मा मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ। मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ ।आर्थिक वर्ष २०७७।७८ मा नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन कार्यको सुरुवात गरिएको थियो । तर कामको व्यापकता सीमित स्रोत साधनको कारणले द्धितीय तथ्थांकमा आधारित भएर तयार पारिएको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन

प्रतिवेदन, २०७८ को प्रारम्भिक प्रतिवेदन तयार पारिएतापनि मधेशी समुदायको थर सूचीकरण सम्बन्धमा गरिने अध्ययन अनुसन्धान अझ व्यापक, बृहत, सम्वेदनशील र चुनौतीपूर्ण रहेकोले यसको अध्ययन प्रथम तथ्याङ्कलाई प्रमुख आधार बनाई अध्ययन गर्नुपर्ने देखिन्छ। यस प्रतिवेदनमा जम्मा १५१ वटा जात र सो जातजाति भित्र विभिन्न थरहरु समावेश भएका छन्। (थरको विस्तृत विवरण अनुसूची ५ मा दिइएको छ)

### २.२.५ मधेशी आयोगको सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया

आयोगले विभिन्न विषयमा सरोकारवालाहरुसँग छलफल गर्ने र सम्बन्धित क्षेत्रमा गई विभिन्न विषयमा अन्तरक्रिया गर्ने गरेको छ । यस्ता बैठक तथा अन्तरक्रियाको उद्देश्य आयोगको बारेमा आम सर्वसाधारणलाई जानकारी गराउनु तथा जनस्तरका समस्याहरु पहिचान गर्नु हो। सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा बैठकबाट आएका समस्या तथा सुझावलाई आयोगले आवश्यक अध्ययन गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने गरेको छ ।

## २.३ आयोगका गतिविधीहरु

### २.३.१ आयोगको बैठकका निर्णयहरु

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आफ्नो काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगको बैठक बसी विविध विषयमा निर्णय गरिएको छ । आयोगको बैठकको निर्णयहरु सम्बन्धमा अनुसूची - ६ मा उल्लेख गरिएको छ ।

### २.३.२ आयोगको प्रेस विज्ञप्ति

संविधानको धारा २६२ अनुसार स्थापित यस आयोगले आयोगका काम कारबाही सुचारु गर्ने क्रममा विभिन्न मितिमा आयोगमा बैठक बसी विभिन्न विषयमा प्रेस विज्ञप्ति जारी गरेको छ । उक्त प्रेस विज्ञप्ती सम्बन्धमा अनुसूची-७ मा उल्लेख गरिएको छ ।

# परिच्छेद -३

## ३.१ सुझाव तथा सिफारिस

### ३.१.१ आयोगको तर्फबाट प्रस्तुत गरिएको सुझाव तथा सिफारिसहरु :-

मधेशी आयोग ऐन, २०७४ को दफा ७ को (झ) र (ञ) लाई विशेष सम्बोधन गर्दै नेपाल सरकारलाई देहाय बमोजिमका सुझावहरु  पेश गरिएको थियो।

सिफारिसहरू

१. परिभाषा नं. १ "मधेश"के हो ? भनि जिज्ञासाको लागि तत्कालीन राजकीय प्रज्ञा प्रतिष्ठान द्वारा २०४४ सालमा प्रकाशित स्थाननाम -कोष २०४४ पुस्तकको पृष्ठ ११६ अनुसार " [ सं.मध्य +देश ] मध्य अर्थात् वीचको र देश अर्थात् भेक भन्ने अर्थमा तराई प्रदेशलाई "मधेश" भनिएको छ ।

   चुरे र महाभारतको भित्री मधेश र चुरेदेखि दक्षिणको भागलाई खास "मधेश" भनिन्छ। प्राचीन ग्रन्थहरुमा "मध्यदेश" को उल्लेख पाइन्छ । कुरुपान्चाल राष्ट्र र कुरुक्षेत्र मण्डल मध्यदेशका मुख्य अंगहरु थिए । मध्यदेशको पश्चिमी र मध्य पहाडी प्रदेशको नाम सपादलक्ष्य थियो । यहाँका प्राचीन वासिन्दाहरु खस थिए । मिथिला, अवध, भोजपुर र मगध चाहि "मध्य देश" का भाषिक प्रान्तहरु थिए ।

   परिभाषा नं.२

   मत्स्यदेश (मोरङ )

   मत्स्य +देश ।

   पुरातात्त्विक अवशेषहरुको आधारमा मोरङ नै महाभारतकालिन भएको अनुमान हुन्छ। झापा, मोरङका सांगुरी डांडा, सयसयसमेगढ, किसरी नदि, सतासीधाम्, विराटपोखर, किलागढ, लुकानी, किचकवध आदी ठाउँहरुको वारेमा लोकोक्ति रहेको छ ।

२. "मधेशी" को को हुन् ? भन्ने जिज्ञासाका लागि मधेशी आयोगको अध्ययन प्रतिवेदन २०७८ अनुसार १४९ वटा जात र (मुस्लिम-थारु) रहेका छन् । जसको २२०० भन्दा वढि थरहरु रहेका छन् ।

३. मधेशी आयोगले नेपाल सरकारसँग सम्पर्क राख्ने विद्यमान कानूनी व्यवस्थालाई संशोधन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सम्पर्क राख्ने व्यवस्था हुनुपर्ने। यसबाट आयोगको कार्य प्रभावकारी र फलदायी हुनेछ ।

४. संघीय संसद अन्तर्गत रहेका विभिन्न समितिहरूमा विभिन्न संवैधानिक निकायहरूको प्रतिवेदन माथि छलफल हुने गरेकोमा यस आयोगको प्रतिवेदन उपर छलफल हुने समितिमा प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समिति हुनुपर्ने । यसबाट प्रत्यक्ष रूपमा नीतिगत निर्णयमा सहभागी भई फलित कार्यको अनुभूति हुनेछ ।

५. आयोगको कार्य सम्पादन प्रभावकारी बनाउन आयोगमा विशिष्ट श्रेणीको सचिवको दरबन्दी कायम गरिनु पर्ने । यो भन्दा पूर्व प्रावधान गरिएको थियो तर ऐनमा संशोधन गरी हटाइएको छ ।

६. आयोगमा जनशक्ति पर्याप्त हुनुपर्ने तथा कानूनी सल्लाहकार, सामाजिक साँस्कृतिक सल्लाहकार, तथ्याङ्कविद सहितका थप दरवन्दी तथा रकम व्यवस्थापन हुनुपर्ने । आयोगलाई कानून बमोजिम परिभाषित गरिएका कार्यहरू विज्ञ/विशेषज्ञ रूपमा रही कार्य सम्पादन हुनमा सहजता हुनेछ ।

७. आयोगलाई आर्थिक रूपमा स्वायत्त बनाउनुपर्ने जसबाट निर्देशित कार्य अविक्रमित रूपमा संचालन गर्नुपर्ने हुन्छ।

८. मधेशी आयोगको कार्य प्रभावकारी बनाउन प्रदेश तहमा कार्यालयहरू यथासिघ्र स्थापना गरी संचालन गर्न व्यवस्थापन हुनुपर्ने देखिन्छ।

९. मधेशी समुदाय सम्बन्धी कानून तर्जुमा गर्दा आयोगको सल्लाह अनिवार्य रूपमा लिने प्रावधान बनाउनुपर्ने । यसबाट समुदायमा अपेक्षित विश्वास बढ्ने र कार्य ठोस रूपमा हुनेछ ।

१०. संवैधानिक आयोगहरुको छुट्टै संवैधानिक सेवा गठन गरी कर्मचारीको मनोवल उच्च बनाउनुपर्ने, यसबाट कर्मचारीहरूमा स्थिरता हुनेछ र समयमै मनोवैज्ञानिक तवरले कार्य सम्पादन हुनेछ ।

११. आयोगबाट गरिएका सिफारिसहरू यथासिघ्र र यथाशक्य लागू गर्ने वातावरण सिर्जना गर्नुपर्ने । यसबाट राज्यलाई लोककल्याणकारी बनाउन सहायक सिद्ध हुनेछ ।

१२. मधेशी समुदायसँग सम्बन्धित नीति कार्यक्रम तर्जुमा गर्दा आयोगसँग समन्वय गर्ने व्यवस्था हुनु पर्ने ।

१३. मधेशी आयोग विशेष र सम्वेदनशील आयोग रहेकाले यस आयोगलाई विशेष प्याकेजको व्यवस्था गरी परिभाषित कार्यहरू सुसम्पादन गर्न लगाउनुपर्ने हुन्छ।

१४. आयोगद्वारा तयार गरिएको २० वटा विभिन्न कार्य क्षेत्रको लागि क्रमशः बजेट विनियोजन गर्नुपर्ने । कार्यक्षेत्र पञ्चवर्षिय रणनीतिक कार्ययोजना विस्तृत उल्लेख गरिएका छन ।

१५. देखिएका विकासमा वास्तविकता र यथार्थताको लागि आयोगको भूमिका प्रभावकारी बनाउनुपर्ने । एउटै योजनामा तीनै तहमा रकम विनियोजित भएतापनि योजना अपुर्ण नै रहेको छ ।

१६. मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ऐनको प्रावधानलाई संशोधन गरी उजुरी माथि **“छानवीन तथा तहकिकात”** गर्ने गरी व्यवस्था गर्नुपर्ने हुन्छ।

१७. नेपाल-अंग्रेज युद्ध भएको सर्लाहीको विष्णु गाउँपालिकास्थित "मधुवन गोठ" लाई ऐतिहासिक स्थलको रूपमा अध्ययन, अनुसन्धान र विकास गर्न अत्यावश्यक देखिन्छ । यसबाट मधेशी समुदायको इतिहासप्रति अपनत्व बढ्ने छ ।

१८. राजा विराटको गृहनगर रहेको स्थललाई उचित रूपमा विकास गरी पर्यटकीय स्थल बनाउनुपर्ने ।

१९. विश्व सम्पदा सूचिमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा-३ बलान विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी, महोत्तरीलाई अनिवार्य रूपमा सूचीकृत गर्ने । साथै, अन्य स्थलहरुको पहिचान गरी सूचीकृत गर्नुपर्ने देखिन्छ ।

२०. कपिलवस्तु जिल्लामा रहेका प्रसिद्ध तौलेश्वर मन्दिरलाई पर्यटकीय स्थलको रूपमा विकास गर्नुपर्ने ।

२१. अति विपन्न र विपन्न वर्गको लागि गुणात्मक शिक्षा, आयमुलक सीपमा संलग्न गराई आर्थिक रूपमा स्वावलम्बी बनाउनुपर्ने ।

२२. नेपालको सवभन्दा जेठो विद्यालय श्री राजकीय संस्कृत पाठशाला महोत्तरी हाल मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी न.पा. स्थित श्री राजकीय संस्कृत माध्यमिक विद्यालय ३०४ वर्ष पुरानो रहेकोले यसलाई सोही अनुसार सूचीकृत गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले पहल गर्नुपर्ने हुन्छ।

२३. सीमावर्ती स्थानीय तहका जनताले भोग्दै आएका समस्याहरू डुवान, अपराध र तस्करी जस्ता समस्यालाई न्यूनीकरण गर्नुपर्ने देखिन्छ ।

२४. धर्मान्तर र धर्मान्धताको नाममा भित्रिने रकमलाई तत्काल गृहमन्त्रालयले निगरानी राख्नुपर्ने हुन्छ।

२५. नेपाल परिचय तथा आधुनिक विषयहरू सवै शैक्षिक संस्थाहरूमा अनिवार्यरूपमा पठनपाठन गराउनु पर्ने ।

२६. सूचीकृत नभएका विभिन्न धर्मावलम्बीहरूको शिक्षण संस्थाहरूलाई अनिवार्य रूपमा सूचीकृत गरी राज्यको मुलधारमा ल्याउनुपर्ने ।

२७. मधेशको संस्कृति नै जल संस्कृति रहेकोले चुरे संरक्षण गरी पानीको स्रोत बनाउनु/जोगाउनुपर्ने । यसको दोहनबाट सिर्जित कटान, डुवान र भरान सहितका समस्यालाई समाधान गर्नुपर्ने हुन्छ।

२८. अतिविपन्न, विपन्न र मध्यम वर्गलाई विशेष सामाजिक सुरक्षा भत्ता व्यवस्था गरी राज्यको मूलधारमा ल्याउनुपर्ने देखिन्छ ।

२९. स्थानीय तह, प्रादेशिक तह र संघीय तहमा आवश्यक समन्वय र सहकार्य गरी सहअस्तित्वको भावना जगाई मानव विकास र भौतिक विकासको वातावरण तयार गर्नुपर्ने ।

३०. अनावश्यक देखिएका राजकीय संरचनाहरू खारेज हुनेगरी सफा सुग्घर संरचनाको विकास गर्नुपर्ने ।

३१. भाषा आयोगद्वारा सिफारिस प्राथमिकता अनुसारका भाषाहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी पठन पाठन अझै सुचारु नभएकोले सिफारिस अनुसार पठनपाठन संचालन गर्नुपर्ने ।

३२. पाठ्यक्रममा नै आठ कक्षा सम्म आधुनिक स्तरमा संस्कृत शिक्षा, नैतिक शिक्षा र योगशिक्षा हुनुपर्ने । यसबाट भाषा, नैतिकता तथा स्वास्थ्यलाई प्रभावकारी र फलदायी रूपमा जीवन पद्धतीमै उतार्न सहायक सिद्ध हुन्छ ।

३३. मधेशी समुदायका आस्थाका केन्द्र लोकतन्त्र र सनातन हिन्दु संस्कृति नै रहेको छ । यसलाई अक्षुण्य राख्न लोकतान्त्रिक संस्कृतिलाई वलियो पार्नुपर्छ । साथै सनातन हिन्दु संस्कृति माथि अतिक्रमण र धर्मान्तरण सहितका कार्यलाई अविलम्ब रोक्नुपर्छ ।

३४. देश दर्शन अभियान सघन रूपमा संचालन गर्नुपर्छ । यसबाट विभिन्न भुगोलमा बसोवास गर्नेहरूलाई आफ्नै मुलुकको कला, संस्कृति, समाज, लोकज्ञानमा सहजता हुनेछ । मुलुकमा सामाजिक र सांस्कृतिक एकता झन् वलियो हुनेछ । यसबाट राष्ट्रिय एकता मजवुत हुनेछ ।

३५. मुलुकलाई आत्मनिर्भर बनाउन युवाशक्ति, महिलाशक्ति, अनुभवि ज्येष्ठ नागरिकका विचारशक्ति लगायतलाई उत्प्रेरित गर्ने विषय-विज्ञताका साथै सीपयुक्त प्रशिक्षण दिई सर्वाङ्गीण क्षेत्रमा स्वावलम्बी बनाउनु पर्छ । मधेशी युवालाई उत्प्रेरणा जगाई कुलत, कुरीति, कुसंस्कारबाट जोगाउनुपर्छ ।

३६. हुलाकी राजमार्ग तराई-मधेशको जीवन रेखा हो । सो राजमार्गको निर्माण कार्यमा तिव्रता ल्याई पुर्वपश्चिमको राजमार्ग अविलम्ब संचालन गर्नुपर्छ । सिराहा र धनुषाको सीमामा रहेका कमला पुल उदघाटन नहुदै भत्किएको २ वर्ष वितिसक्दा पनि बन्न नसकेकोले सो पूलको पूनर्निर्माण गरी हुलाकी राजमार्गको धनुषा सिराहा खण्ड

संचालन गर्नुपर्छ । यसबाट यातायात सहज हुनुको साथै आर्थिक रूपमा समाज सशक्त हुनेछ ।

३७. विपन्न र अतिविपन्न वर्गको न्यायमा सहज पहुँचको लागि जिल्ला न्यायाधिवक्ता, प्रदेशका मुख्य न्यायाधिवक्ता र महान्यायधिवक्ताको पहुँचमा सहजीकरण गर्नुपर्ने देखिन्छ । गैर-सरकारी क्षेत्रका कानुन व्यवसायीहरूसँग समेत समन्वय र सहकार्य गरी लक्षित वर्गको पहुँच सहज हुनुपर्ने देखिन्छ ।

३८. सशक्तीकरण कार्यक्रमहरुमा "**लोकसेवा आयोग**" को परिक्षा प्रणाली आधुनिक र भूगोल तथा विविधतामैत्री हुनुपर्ने ।

३९. शिक्षण सिकाई अझ प्रभावकारी वनाउन कम्तीमा ५ कक्षा सम्म मातृभाषामा नै अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने देखिन्छ ।

४०. शिक्षालाई सीपयुक्त वनाउन अनिवार्य रुपमा Learning with Earning को व्यवस्थापन व्यवहारमै उतार्नु पर्ने देखिन्छ ।

४१. लैङ्गिक अल्पसंख्यक, फरक क्षमता, अतिविपन्न, विपन्न वर्गहरुको वास्तविक पहिचान गरी सहि तथ्यांकको आधारमा सामाजिक सेवा सुविधा को व्यवस्था गर्नुपर्ने देखिन्छ।

४२. मधेश प्रदेशका आठवटै जिल्लाहरु लगायतमा आकाशे वर्षामा आश्रीत किसानहरुलाई तत्कालै "**सुक्खा क्षेत्र**" घोषणा गरी राहत दिनुपर्ने ।

४३. किसानहरुका दिर्घकालिन समस्या समाधानका लागि कोशी कमला, वलान, वाग्मती, नारायणी, राप्ती सहितका नदिहरुवाट नहरको उचित व्यवस्थापन गरी बाह्रै महिना सिचाइको व्यवस्था गर्नुपर्ने हुन्छ । साथै, भएका नहरहरुलाई सुव्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४४. मलको हाहाकारलाई दीर्घकालीन समस्या समाधान गर्नको लागि मल कारखाना नेपालमै खोल्नु पर्ने ।

४५. मधेशी जनतालाई आर्थिक विपन्नताका कारण सामाजिक संस्कार र अन्त्येष्टिमा समेत समस्या देखिएकोले तत्कालै सहुलियत ऋणको व्यवस्था स्थानीय तहको रोहवरमा हुनुपर्ने ।

४६. राज्यले वास्तविकताका आधारमा अतिविपन्न, विपन्न, भुमिहीनहरुको पहिचान गरी जमिन आधिपत्य स्थापित गर्नुपर्ने देखिन्छ ।

४७. चुरेको विनाशलाई रोक्न तत्कालै कदमहरू चाल्न सिफारिस गरिएको र सोको लागि वन तथा वातावरण मन्त्रालयले अवैध जंगल कटान, भौतिक सम्पदा निर्माणलाई रोक्नुपर्ने देखिन्छ साथै राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितिलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

४८. किसानको आन्दोलनमा किसानहरू माथिको अत्याधिक बल प्रयोग भएकोले सो रोक्न सरोकारवालाहरूसंग छलफल गरि आन्दोलनलाई वार्ताको माध्यमबाट समाधान गर्न सिफारिस गरिएको ।

४९. भौतिक रुपमा सडक पुर्वाधारहरू उत्तर-दक्षिणको सडकहरू अत्याधिक कमजोर रहेकोले गुणात्मक सडक निर्माण गर्नका लागि सिफारिस गरिएको ।

५०. शिक्षा र स्वास्थ्य सहितका क्षेत्रमा बढ्दै गएको अराजकताको न्यूनीकरणका लागि सरोकारवालाहरूसँग छलफल गरी अराजकता रोक्न सिफारिस गरिएको ।

५१. ज्येष्ठ नागरिकहरूलाई घरबाट सम्मान गर्ने भावनाको विकास गरी महिला, बालबालिका, युवाहरूको नैतिक विकासका लागि स्थानीयहरू तथा शिक्षण संस्थाहरूमा अभिमुखीकरण कक्षाहरू सञ्चालन गर्न सिफारिस गरिएको ।

५२. तराई-मधेशमा रहेका पुरातात्त्विक महत्वका मठ-मन्दिरलाई उचित संरक्षण विकास गर्न सिफारिस गरिएको ।

५३. योग शिक्षा र चिकित्साको माध्यमबाट शारिरीक, मानशिक लगायतका समस्याहरु समाधान गर्न आधुनिक विधि र प्रविधिको प्रयोग गरी ग्रामिणस्तर सम्मका आधारभूत वर्गलाई लाभान्वित हुने गरी स्थानीय र प्रदेश सरकारहरुले प्रभावकारी रुपमा केन्द्र निर्माण वा विद्यालयमा अभियान सुरु गर्नु पर्ने हुन्छ । यसवाट नैतिकता, आध्यात्मिकता र आर्थिक रुपमा समेत युवाहरुलाई संयोजनको अवसर प्राप्त हुनेछ ।

५४. गाँस, बास र कपास सम्वन्धीः

क. अतिविपन्न, विपन्न दलित महिलाहरुको लागि सीपयुक्त क्षमताको पहिचानगरि सो आधारमा तहगत सरकारहरुले सहुलियतपूर्ण पूँजीको व्यवस्थापन उत्पादनमा फलदायी प्रोत्साहन गरि उत्पादित सामग्रीहरुको उचित वजार व्यवस्थापन गर्नुपर्ने।

ख. कृषि पेशा गर्न चाहनेहरुलाई आधुनिकताका साथ  सामुहिक खेतीमा प्रोत्साहन गर्नुपर्ने ।

ग. विभिन्न प्रकारका आधारभूत तालिमहरु जस्तै - मैनवत्ती, सावुन, भुजा/मुरही, चिउरा, दालमोट, भुजिया, मसाला, अगरवत्ती वनाउने, मोबाइल मर्मत, विजुलीको वाईरिङ्ग, फर्निचर, कपाल काट्ने, वाँस र काठका सामग्री निर्माण, जुत्ता-चप्पल सिलाउने, सिलाई -कटाई, व्युटिसियन फोटो/भिडियोको एडिटिङ्ग, घर निर्माण, डोरी/रस्सी वनाउने, फलामको कृषि औजार जस्ता स्थानीय वजारमै खपत र व्यवस्थापन हुने सिपमूलक तालिम दिई आय आर्जनवाट मूलधार ल्याउने गरी कार्य गर्नुपर्ने ।

घ. व्यवहारिक र आचरणमै आउने गरी महिला-पुरुषको ज्याला एउटै हुनुपर्ने ।

५५. शिक्षा सम्वन्धी :

क. अतिविपन्न, विपन्न र दलितका अभिभावकहरुलाई सचेतना दिई वालवालिकाहरुलाई विद्यालयसम्मको शत-प्रतिशत व्यवहारिक पहुँच वढाउनु पर्ने ।

ख. शिक्षामा पहुँच वढाउन विहानी वा सांझको अतिरिक्त कक्षाहरु टोल-टोलमा व्यवस्था गर्नुपर्ने ।

ग. शिक्षकहरूलाई पुर्ण जिम्मेवार वनाउनु पर्ने ।

घ. मातृभाषामा अनिवार्यरुपमा प्राथमिक शिक्षा हुनुपर्ने साथै अतिरिक्त ज्ञानको लागि समेत व्यवस्था स्थानीय तहले गर्नै पर्ने ।

५६. स्वास्थ्य क्षेत्र सम्वन्धी :

क. अतिविपन्न, विपन्न र दलितलाई निःशुल्क र गुणस्तरीय फलदायी स्वास्थ्य सेवा व्यवस्था गर्नुपर्ने ।

ख. वालमृत्यु दर, मातृ मृत्युदर घटाउन वडा स्तरीय जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने ।

ग. आर्थिक स्रोत वढाई जनचेतनामूलक कार्यक्रमहरुद्वारा कुपोषणको गम्भीर स्वास्थ समस्या समाधान गर्नुपर्ने ।

घ. स्वास्थ्य चौकीहरुमा स्नातक तहका चिकित्सक अनिवार्य रुपमा व्यवस्था गर्नुपर्ने।

५७. सशक्तीकरण सम्वन्धी :

क. यथार्थपरक रुपमा अतिविपन्न, विपन्न र दलितहरूको पहिचान गरी तहगत गरिवीको प्रमाणपत्रको व्यवस्था गरी सामाजिक सुविधा र प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।

ख. परम्परागत सीपलाई आधुनिकीकरण, व्यवसायीकरण र वजारीकरण गरी सांस्कृतिक अधिकार र पहिचानको व्यवस्था गर्नुपर्ने ।

ग. गुणस्तरीय शिक्षा तथा वातावरण तयार गरी जातीय छुवाछुत आचरणवाटै निर्मुल गर्नुपर्ने र छुवाछुत गर्नेहरुलाई कानुनतः दण्डीत गर्नुपर्ने ।

घ. अति विपन्न, विपन्न, मध्यम र दलित वर्गलाई राज्यले विशेष आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारका साथै शान्ति-सुरक्षाको व्यवस्था गर्नुपर्ने ।

५८. श्री छिन्नमस्ता भगवति सखडेश्वरी सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ मा रहेको छ । सो प्रसिद्ध शक्तिपिठ हालसम्म निजि गुठी कै रुपमा रहेकोले सो गुठीलाई सार्वजनिक गुठीमा लैजानको लागि आवश्यक प्रकृया संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, केन्द्रिय गुठी संस्थानका साथै आवश्यक रहेको सवै सरोकारवालाहरुसँग पहल गर्न सिफारिस गर्ने । यो शक्तिपिठ सार्वजनिक

गुठीमा भएपछि नेपालीहरुलाई नै रोजगारी र सामाजिक, सांस्कृतिक विकासमा सुअवसर पाउनेछन् । साथै सो शक्तिपिठको परिसरमा रहेको छिन्नमस्ता भगवती भुपेन्द्र संस्कृत मा.वि. वडा नं. ३ लाई समेत आधुनिक तथा प्रभावकारी तवरले संस्कृत शिक्षाको लागि अगाडि बढाउनुपर्ने नितान्त जरुरी देखिन आएकोले सो विद्यापिठलाई व्यवस्थित गर्न सिफारिस गर्ने निर्णय गरिएको छ ।

५९. नेपाल भारतका सीमा खुल्ला रहेकोले निजी वा पारिवारिक जीवनमा हुने सामाजिक, सांस्कृतिक र आर्थिक कार्यमा प्रभाव नपर्ने गरी कार्यलाई संघीय सरकारले व्यवस्थित गर्नुपर्ने देखिएकोले यो सिफारिस गरिएको छ । साथै सीमा क्षेत्रमा हुने अवैध कार्यहरुलाई यथासिघ्र रोक्नुपर्ने देखिन्छ ।

६०. वैदिशिक रोजगारबाट प्राप्त भएको रकमलाई उत्पादनमुखी कार्यमा लगाउनु पर्ने जसवाट आयात प्रतिस्थापन र मुलुकमा रोजगारीको वातावरण सिर्जना हुने देखिएकोले विप्रेषणलाई उचित र प्रभावकारी ढंगवाट व्यवस्थापन गर्नुपर्ने ।

६१. सप्तरी जिल्लाको राजगढ गाउँपालिका वडा नं. २ वनैनियामा रहेको श्री नवदुर्गा भगवति मन्दिर ऐतिहासिक तथा पुरातात्विक दृष्टीले १०० बर्ष भन्दा बढी पुरानो रहेकोले सो लाई संरक्षण सम्बर्द्धन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाउने ।

६२. मिथिला पेन्टिङ सहितका हस्तकलाका अग्रपंक्तिमा रहेकाहरुले नेपालका किर्ति विश्वभरी पचास वर्ष पहिले नै फैलाई सकेका थिए । अहिले ती हस्तकारीगरहरुलाई स्थानीय र प्रदेश सरकारहरुले केही कतै नगरेको देखिन्छ । तिनका आँखा र हात दुवै कमजोर भईसकेको यथार्थता रहेको छ । ती प्रखर र निपूण हस्तकारिगरहरुलाई स्थानीय र प्रदेश सरकारहरुले विवरण संकलन गरी "**कलाकारिता सुरक्षा भत्ता**" को व्यवस्था गर्नुपर्ने ।

६३. सुनसरी जिल्लाको हरिनगरा गाउँपालिकामा रहेको ऐतिहासिक तथा पुरातात्विक शिव मन्दिर, सप्तरी जिल्लाको कंकालिनी भगवती मन्दिर, लोकनायक दिनाभद्री, सिराहा जिल्लाको लहान न.पा. को ढोडनामा अवस्थित राजदेवी पञ्चावती मन्दिर, सिराहा

जिल्लाको सहलेश फुलवारी मन्दिर, पताइर पोखरी, मानिक दह, मिर्चैया न.पा. वडा नं. ९ मा अवस्थित प्राकृतिक कमल दह, वारा जिल्लाको गढीमाई, पर्सा जिल्लाको माईस्थान, बाँके जिल्लाको वागेश्वरी मन्दिर, नवलपरासी जिल्लाको त्रिवेणीधाम, कपिलवस्तु जिल्लाको तिलौराकोट लगायतका धार्मिक स्थलहरुको उचित विकासगरी पर्यटन प्रबर्द्धन मार्फत लक्षित वर्गको आय आर्जनमा टेवा पुऱ्याउने ।

६४. तराई मधेशमा भएका ऐतिहासिक कलाहरु (मिथिला पेन्टिङ्ग, भोजपुरी पेन्टिङ्ग, अवधि पेन्टिङ्ग) लगायतका हस्तकलाहरुलाई अध्ययन अध्यापनको लागि शैक्षिक पाठ्यक्रममा राख्नुपर्ने ।

६५. विश्व सम्पदा सूचिमा विश्वप्रसिद्ध (क) जानकी मन्दिर, जनकपुरधाम (ख) लक्ष्मीनारायण मन्दिर मौवाहा-३ बलान विहुल गाउँपालिका, सप्तरी (ग) लक्ष्मीनारायण मठ तथा मन्दिर, मटिहानी महोत्तरीलाई अनिवार्य रूपमा सूचीकृत गर्ने। साथै, अन्य स्थलहरुको पहिचान गरी सूचिकृत गर्नुपर्ने देखिन्छ ।

## ३.२ थप सुझाव तथा सिफारिस

१. विगत लामो समयदेखि उखु उत्पादक किसानहरूले उत्पादित वस्तु चिनी मिल तथा अन्य व्यापारीहरूलाई बिक्री वितरण गरिसकेपछि पनि वर्षौंदेखि आफूले पाउनुपर्ने रकम प्राप्त गर्न नसक्नु किसानका लागि दुःखद् कुरा रहेको छ ।वर्षा, झरी, गर्मी, ठण्डी, हिउँ, तुषारो नभनीकन वर्षभरि परिश्रम गरेर उत्पादन गरिएका किसानको नगदे वालीको रुपमा रहेको उखुले बजार नपाउनु, बजारमा लगिएका आफ्ना उपज वस्तुको मूल्य आफैले निर्धारण गर्न नपाउनु र महिनौको मेहनतबाट उत्पादन गरेको वस्तुमा उत्पादक किसानहरूले अत्यन्तै कम मूल्य पाउनु दुःखद कुरा रहेको छ । बक्यौता रकम भुक्तानीका लागि जिल्लामा पटकपटक आन्दोलन गरेका उखु किसानले त्यहाँ न्याय नपाएपछि आन्दोलनलाई काठमाडौंको माइतीघर मण्डलामा प्रदर्शन तथा धर्नाकेन्द्रित गर्नु परेको छ । यस्तो उखु किसानको बक्यौता रकमको समस्या समाधान प्रदेश सरकारबाट नै पहल गरी दिर्घकालिन रुपमा नै समाधान हुनु पर्ने देखिन्छ ।

२. पुस्तौदेखि मिटर घुमेजस्तै व्याज रकम फनफनी घुमेर जोडिने रकमको कारणले पीडित भएका किसानहरु रुदै काठमाडौं स्थित माइतीघर मण्डलामा मिटर ब्याजविरुद्धको संघर्ष गरेका छन् । संर्घष समितिले विभिन्न पीडित किसानको जमिनको मालपोत दृष्टी बन्धक खोली अनाधिकृत तमसुक च्यात्नु पर्ने, भूमिहीन बनाइएका किसानहरुको जमिन फिर्ता गरी कानुनले तोके बमोजिमको व्याज बाहेकको सबै रकम क्षतिपुर्ति सहित सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्ने, मिटर व्याजी साहुको निरन्तरको मानसिक प्रताडनाका कारण भएको किसानको मृत्युको छानबिन गर्नु पर्ने, नेपाल सरकारले अवलम्बन गर्दै आएको आर्थिक नीति किसानमैत्री हुनु पर्ने जस्ता माग सहित ज्ञापनपत्र बुझाएका छन भने यस सन्दर्भमा देशभर भएका मिटरव्याजी पीडितहरुको मागलाई तत्काल सरकारले सम्बोधन गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद –४
# भौतिक स्रोत साधन र उपयोगको अवस्था

## ४.१ आयोगको भौतिक सम्पत्ति

आयोगको आफ्नो घर-जग्गा छैन र ललितपुरको ज्वागलमा कार्यालयको लागि घर भाडामा लिई कामकाज गर्दै आइरहेको छ । भाडामा लिइएको घर सानो र साँघुरो भएको हुँदा आयोगका माननीय सदस्यहरु चार जनाको नियुक्ति भइसकेको अवस्थामा वहाँहरुको निजी सहायकहरुको लागि कार्यकक्ष व्यवस्थापनमा अभाव भएको छ ।

आयोगमा हाल भएको सवारी साधन, मेसिनरी औजार, फर्निचर लगायतका भौतिक स्रोत साधनको विस्तृत विवरण अनुसूची -८ मा उल्लेख गरिएको छ ।

# परिच्छेद-५

## ५. थर सूचीकरण सम्बन्धी

नेपालको संविधानको प्रस्तावनामा उल्लेखित भावनालाई परिपूर्ति गर्न र सहयोग पुग्ने उद्देश्यले विभिन्न संवैधानिक आयोगहरूको गठनको व्यवस्थासँगै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान हक हितको संरक्षण र सम्वर्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्नको लागि संविधानको धारा २६२ मा व्यवस्था भएबमोजिम मधेशी आयोगको स्थापना गरिएको छ । मधेशी समुदाय भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी मधेशी आयोग ऐन, २०७४ मा उल्लेख भएअनुसार यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ब्यवस्था रहेको छ । मधेशी आयोगको ऐन, २०७४ दफा ७ को (ड) मा मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ब्यवस्था रहेको छ । सोही अनुसार यो अध्ययन प्रतिवेदन तयार पारिएको हो। मधेशी समुदायको स्पष्ट पहिचान र थर सुचिकृत हुन नसक्दा मधेशी समुदाय इतरका ब्यक्तिहरूले, राज्यले मधेशी समुदायलाई भनी दिएको सुबिधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका ब्यक्तिहरू उक्त सुबिधाबाट बञ्चित हुनुपरेको छ । यसका साथै मधेशीहरूको थर सूचीकृत हुन नपाउँदा मधेशी आयोगको काम, कर्तब्य र अधिकार प्रभावकारी ढङ्गले परिपुर्ति र कार्यान्वयन गर्न पनि कठिनाइ भइरहेको छ। तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानको आधारहरू तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा पनि बाध्यकारी समेत भएको कुरालाइ आत्मसात गरी आर्थिक वर्ष २०७७-०७८ मा "नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन परियोजना" को शुरूवात गरिएको थियो। तर कामको व्यापकता, साधनस्रोतको सिमितता र समयको अभावको कारणले पछिल्लो आर्थिक वर्षमा पूर्णरूपमा काम सम्पन्न हुन नसके पनि प्रारम्भिक अध्ययन प्रतिवेदन आयोगले प्राप्त गरेको छ । सोही प्रतिवेदनलाई प्रमुख आधार बनाएर आर्थिक वर्ष २०७८-७९ को फागुन महिना भित्र सम्पन्न हुनेगरी द्वितीय तथ्याङ्कलाइ आधार मानी “मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन २०७८” तयार गरी प्रकाशित गरेको छ । सो प्रतिवेदनमा उल्लेखित थरहरुको विस्तृत विवरण अनुसूची ५ मा समावेश गरिएको छ ।

# परिच्छेद-६

## ६. उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

### ६.१ उपलब्धीहरु

मधेशी आयोग ऐन २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवाला र बिज्ञहरुसँग सल्लाह सुझाब लिई कार्य गरेको छ । विभिन्न संबैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएका छन् । त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ ।

१. द्धितीय तथ्याङ्कमा आधारित भएर तयार पारिएको नेपालमा मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन, २०७८ सार्वजनिक गरिएको छ ।
२. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम प्रदेश १ को सुनसरीको हरिनगरा गाउँपालिका, मधेश प्रदेशको महोत्तरी जिल्लाको मटिहानी नगरपालिका, लुम्बिनी प्रदेशको नेपालगञ्ज उपमहानगरपालिका र सुदूरपश्चिम प्रदेशको धनगढी उपमहानगरपालिकामा सम्पन्न गरिएको छ । यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ ।
३. मधेश प्रदेशको जनकपुरधाम उपमहानगरपालिका, कर्णाली प्रदेशको बिरेन्द्रनगर नगरपालिका र बागमती प्रदेशको हेटौंडा उपमहानगरपालिकामा लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यकम सम्पन्न गरिएको छ । यसबाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ ।
४. अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा विभिन्न भाषाभाषीका अगुवाहरूसँग फलदायी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ । यसबाट प्राप्त भएको तथ्याङ्क र कार्यपत्रले लोपोन्मुख भाषाहरुलाई मुलधारमा ल्याउन सहज भएको छ । साथै, संवैधानिक प्रावधानलाई वल पुऱ्याउने कार्य भएको छ ।

५. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ ।
६. सातै प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ। यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन् ।
७. संस्कृति संरक्षण सम्बर्द्धनका लागि सरोकारवालहरूसँग समन्वय र सहकार्य गरी जूडशीतल, जितीया, तिज, फागुपर्वका कार्यक्रम गरिएको र जितियामा राष्ट्रिय पर्वको विदा दिने कार्य शुरु भएको छ।
८. राजनीतिक दलहरूसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ। जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ ।
९. सामाजिक अभियन्ता तथा जातिय संगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ ।जसबाट मधेशी समुदायको थर सूचीकरणको कार्य सम्पन्न भएको छ ।
१०. स्थानीय तह सदस्य निर्वाचन २०७९ को समयमा निर्वाचन पूर्व, निर्वाचन अवधी एवं निर्वाचन पश्चात समेत अनुगमन गरिएको छ ।जसबाट निर्वाचन अवधिमा हुने विविध अवाञ्छित क्रियाकलापहरु न्यूनीकरण भएको छ ।
११. किसान आन्दोलन तथा मागहरूको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ । जसबाट नेपाल सरकार र आन्दोलनरत किसानहरुको बीचमा वार्ता भई समस्या समाधान भएको छ ।
१२. महिला हिंसा तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ। जसबाट समस्याको समाधान गर्न सहज भएको छ ।
१३. मधेशका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ ।
१४. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामुहिक परामर्श गरी समस्या समाधानार्थ सहज भएको छ।

१५. तराइ मधेशका सीमा क्षेत्रको अनुगमन गरी देखिएका समस्या सम्बोधनका लागि सम्बन्धित निकायलाई ध्यानाकर्षण गराइएको छ।

१६. बेरुजु फछ्र्यौट अनुगमन समितिको प्रतिवेदन २०७८, अनुसार यस आयोगको आ.व. २०७५/७६ सम्मको बेरुजु शून्य भएको, आ.व. २०७६/७७ को लेखापरीक्षणबाट शून्य प्रतिशत बेरुजु कायम भई दुवै लक्ष्य प्राप्त गरी "सर्वोत्कृष्ट" भएको र आयोगले विशेष धन्यवाद प्राप्त गरेको छ । सो अवधिमा कार्यरत प्रशासकीय प्रमुख, सो कार्यमा संलग्न कर्मचारी समेतलाई नगद पुरस्कार प्रदान गरिएको छ।

१७. गुनासोकर्ताहरू, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरीको कार्यालय र सम्बन्धित सरोकारवालाहरूका बीचमा "मधेशका विभिन्न समस्याहरू र कानुनी उपचार" विषयक फलदायी कार्यक्रम गरिएको छ।

१८. अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा तराई-मधेशमा लिङ्ग परिक्षण गराई छोरी भएपछि भ्रुण-हत्या झन् बढेको विषय सहितका अन्तरक्रियात्मक छलफल गरिएको छ ।

१९. २०७८ साल कार्तिकमा भएको राष्ट्रिय जनगणनामा "**मेरो गणना, मेरो सहभागिता**" को नाराका साथ सुभारम्भ भएको जनगणनाका लागि गहन सहकार्य गरिएको छ ।

## ६.२ चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पुरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पुरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेको छ । आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन् ।

१. मधेशी समुदायको शैक्षिक अवस्था र गर्नुपर्ने सुधार सम्बन्धी अध्ययनको लागि प्रर्याप्त वजेटको अभाव रहनु ।
२. आयोगको आफ्नो जग्गा र भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न नसकिनु।
३. आयोगको काम बढि जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु ।
४. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु।

५. मधेशी समुदायको अपेक्षित विश्वास जित्न नसक्नु ।
६. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बाबजुत मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन नसक्नु ।
७. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।
८. आयोगको अधिकारक्षेत्र र समुदायको व्यापक आकांक्षा बीच तालमेल मिलाउनु ।
९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सवै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता र पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु ।
१०. मधेशी समुदायको स्पष्ट पहिचानका लागि प्राथमिक तथ्याङ्कको आधारमा थर सूचीकरण कार्यलाई सम्पन्न गर्नु ।

## ६.३ आयोगको अपेक्षा तथा भावी कदमहरुः-

१. मधेशी आयोग ऐन, २०७४ अनुसार "मधेशी समुदाय" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (ड) मा मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग

गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ । तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्यका लागि बजेटमाग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ । तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ । आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, वुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका सांसद र जनप्रतिनिधि लगायतसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सवै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने

विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ । चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा नमूना प्रोफाइल तयार गर्ने कार्यका लागि बजेटमाग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने । साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यक भएकोले

राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने ।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमश कार्यान्वयन गर्दै लैजाने ।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै लैजाने ।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने ।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ ।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मुल्याङ्कन र समीक्षा गर्दै लैजाने ।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने ।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने ।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्न कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकारमा सिफारिस गर्ने ।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने/गराउने ।

# परिच्छेद-७

## ७. कार्यक्रम र लागत

### वार्षिक कार्यक्रम र खर्च

यस आयोगको लागि आ.व. २०७८/७९ को निमित्त विनियोजन भएको बजेट र खर्चको आर्थिक विवरण अनुसूची-९ मा समावेश गरिएको छ ।

# अनुसूची १: (परिच्छेद १ सँग सम्बन्धित)

## मधेशी आयोगको संगठन संरचना र कर्मचारी विवरण




**करार सेवा**

- निजी सहायक-५
- ह.स.चा.-५
- का.स.-२

## कर्मचारी संख्या

| सि.नं. | पद | श्रेणी | सेवा | समूह/उपसमूह | स्थायी दरबन्दी | हाल कार्यरत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | उपसचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ | २ | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ | ३ | |
| ४ | नायव सुब्बा | रा.प. अनं. प्रथम | प्रशासन | सा.प्र. | २ | १ | |
| ५ | लेखापाल | रा.प. अनं. प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम | विविध | | १ | १ | |
| ७ | निजी सहायक | रा.प. अनं. प्रथम सरह | | | - | ५ | करार |
| ७ | ह.स.चा. | श्रेणीविहिन | | | २ | ७ | करार |
| ८ | कार्यालय सहयोगी (स्वीपर १ समेत) | श्रेणीविहिन | | | ३ | ५ | करार |
| जम्मा | | | | | १३ | २७ | |

## आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण

| सि. नं. | कर्मचारीको नाम | पद | सेवा | समूह/उप समूह | सम्पर्क नं. | |
|---|---|---|---|---|---|---|
| १ | रुद्र प्रसाद लामिछाने | सचिव | नेपाल प्रशासन | रा.प.प्रथम | ९८५१२३९४५९ | |
| २ | भुवन बहादुर कार्की | उपसचिव | नेपालप्रशासन/ सा.प्र. | रा.प.द्विती य | ९८४११४५५१४ | |
| ३ | सविता डंगोल | | | | ९८४१२९८४७५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | रमेश कुमार दास | शाखा अधिकृत | | रा.प. तृतीय | ९८५११७९९३६ | |
| ५ | विन्दु देवी शर्मा | | | | ९८५७६३३४३३ | |
| ६ | लोकेन्द्र बहादुर ज्ञवाली | | | | ९८५१११३९९९ | |
| ७ | गोपाल प्रसाद घिमिरे | लेखापाल | नेपालप्रशासन/ लेखा | रा.प.अनं. प्रथम | ९८५११७४९५५ | |
| ९ | अमित कुमार साह | क.अ. | विविध | रा.प.अनं. प्रथम | ९८४११५३३७३ | |
| १० | सुन्दर प्रसाद निरौला | ना.सु. | नेपालप्रशासन/ सा.प्र. | रा.प.अनं. प्रथम | ९८४२५६०३५८ | |
| ११ | दिपेन्द्र कुमार यादव | मा. अध्यक्षज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | ९८५११३०१०६ | करार सेवा |
| १२ | नरेन्द्र कुमार साह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | ९८४३७४३८१३ | करार सेवा |
| १३ | अमन कुमार साह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | | करार सेवा |
| १४ | विज्ञान कुमार यादव | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | | करार सेवा |
| १५ | राजहंश सिंह | मा. सदस्यज्यूको निजी सहायक | | रा.प.अनं. प्रथम सरह | | करार सेवा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | ईश्वर प्रसाद गुनी | ह.स. चालक | | | ९८४११२६७४४ | करार सेवा |
| १७ | भुवल भण्डारी | ह.स. चालक | | | ९८४१९६७५९८ | करार सेवा |
| १८ | कुमार गोतामे क्षेत्री | ह.स. चालक | | | | |
| १९ | तिलक बहादुर तामाङ्ग | ह.स. चालक | | | ९८४१५०६६३३ | करार सेवा |
| २० | दीपक जोशी | ह.स. चालक | | | | करार सेवा |
| २१ | डम्बर बहादुर विश्वकर्मा | ह.स. चालक | | | | |
| २२ | माइला तामाङ | ह.स. चालक | | | | करार सेवा |
| २३ | सिता थापा | का. सहयोगी | | | ९८४४९३९४४५ | करार सेवा |
| २४ | माया पोडे पुजारी | का. सहयोगी | | | ०१-५१३७३३० | करार सेवा |
| २५ | गिरिजेश कोइरी | का. सहयोगी | | | ९८६७२११८७८ | करार सेवा |
| २६ | शारदा अधिकारी | का. सहयोगी | | | ९८६१८१८७०१ | करार सेवा |
| २७ | कमल नारायण लाभ कर्ण | का. सहयोगी | | | ९८४४५१५२५ | करार सेवा |

## अनुसूची -२ आयोगमा प्राप्त उजुरी तथा गुनासाहरुको विवरण

| दर्ता नं. | मिति | उजुरीकर्ताको नाम | माध्यम | विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७८।०४।०१ | महेश्वर साह | प्रत्यक्ष | मिथिला पाक कलाको प्रवर्द्धन | |
| २ | २०७८।०४।०३ | पवन कुमार दत्त | फोनबाट र लिखित | कुटपिट सम्बन्धमा | |
| ३ | २०७८।०४।०७ | मिथिलेश देवी | प्रत्यक्ष | महिला स्वास्थ्य स्वयम सेवकको रकम ठगी गरेको सम्बन्धमा | |
| ४ | २०७८।०४।०८ | सोनाइ दास/निलम दास मार्फत अशोक यादव | प्रत्यक्ष | उजुरी लिन नमानेको सम्बन्धमा | |
| ५ | २०७८।०४।१२ | राजेन्द्र दत्त | प्रत्यक्ष | श्रेस्ता कायम सम्बन्धमा | |
| ६ | २०७८।०४।१३ | सरोज राय | इमेलबाट | घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कडा कारवाही गर्ने सम्बन्धमा | |
| ७ | २०७८।०४।१४ | दिनेश मणि पटेल समेत | प्रत्यक्ष | पटनवार जाति सूचीकरण गर्ने सम्बन्धमा | प्रतिवेदन समावेश गरिएको |
| ८ | २०७८।०४।१७ | पत्रपत्रिकाबाट | अनलाईन पत्रिका | कपिलवस्तुको बाणगंगामा आफ्नै बाबुद्वारा छोरी बलात्कृत | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | २०७८।०४।१७ | पत्रपत्रिकाबाट | अनलाईन पत्रिका | जिल्ला प्रहरी कार्यालय धनुषा भित्रै पासो लगाएर झुण्डिएको अवस्थामा थुनुवाको शव भेटिएको सम्बन्धमा | |
| १० | २०७८।०४।१७ | पत्रपत्रिकाबाट | अप्रत्यक्ष अन्नपुर्णा पोष्ट | दुई सन्तानसहित आमा पोखरीमा मृत फेला | |
| ११ | २०७८।०४।१७ | क्युरेक्सका सम्पुर्ण मधेशी पिडित कामदारहरु | प्रत्यक्ष | न्याय दिलाउने सम्बन्धमा | |
| १२ | २०७८।०४।१९ | रिता महतो | अप्रत्यक्ष | घटना माथि छानविन गरी दोषीलाई कारवाहीका लागि सम्बन्धित निकायमा पहल गरी दिनुहुन | |
| १३ | २०७८।०४।२५ | राम रतन मिश्र | प्रत्यक्ष | जग्गाको सम्बन्धमा आवश्यक प्रकृया अगाडी बढाई दिने सम्बन्धमा | |
| १४ | २०७८।०४।२५ | प्रमोद नारायण झा | अप्रत्यक्ष | जनकपुरधामको परिक्रमा क्षेत्रमा माछा, मासु र रक्सी निषेधित क्षेत्र बनाउनुपर्ने सम्बन्धमा । | |
| १५ | २०७८।०४।२५ | संजिव कुमार महतो | अप्रत्यक्ष गमक पोष्ट | त्रिभुवन विमानस्थलमा जनकपुरलाई जनकपुरधाम भनि सम्बोधन लिखित र मौखिक रुपमा हुनुपर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | २०७८।०४।२५ | पत्रपत्रिकाबाट | अप्रत्यक्ष | भारतमा काम गर्न गएका अर्को मुसहरको पनि कुटपिटबाट मृत्यू सम्बन्धमा | |
| १७ | २०७८।०४।२५ | प्रमोद नारायण झा | अप्रत्यक्ष | विश्व प्रसिद्ध जानकी मन्दिरमा पुरातात्विक दृष्टीले अति महत्वपुर्ण रहेतापनि स्विकृत बिना कठिन विद्युतिकरण गरिएको सम्बन्धमा। | |
| १८ | २०७८।०४।२६ | पत्रपत्रिकाबाट | अप्रत्यक्ष Hamrakra.com | खुकुरी प्रहारबाट ओमको मृत्यु, प्रहरीले हत्यारा नसमातेको भन्दै आफन्त आक्रोशित | |
| १९ | २०७८।०४।२७ | पत्रपत्रिकाबाट (अन्नपुर्णा पोष्ट) | अप्रत्यक्ष | प्रेमको सजाय मृत्यु | |
| २० | २०७८।०४।२८ | कान्तिपुर दैनिक पत्रिका | अप्रत्यक्ष | बोक्सीको आरोपमा घिसार्दै कुटपिट | |
| २१ | २०७८।०४।३१ | सन्तोष साह | अप्रत्यक्ष | रकम भुक्तानी गर्न सम्बन्धित निकायमा पहल गरिदिनुहुन | |
| २२ | २०७८।०५।०१ | सामाजिक सञ्जाल | अप्रत्यक्ष | आक्रमणमा परेकी पिडितलाई उल्टै प्रहरीले पक्राउ गरेको सम्बन्धमा | |
| २३ | २०७८।०५।०४ | रवि कर्ण | प्रत्यक्ष | अनियमितता गरी विभेदकारी नतिजा प्रकाशित गरेको सम्बन्धमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | २०७८।०५।०८ | कोमल चन्द्र भगत | अप्रत्यक्ष | सत्य तथ्य बाहिर ल्याई अपराधीहरुको पहिचान र कारवाहीको लागि पहल गरिदिनुहुन | |
| २५ | २०७८।०५।२२ | शम्भु कामत | अप्रत्यक्ष | न्यायका लागि पहल गरिदिनुहुन | |
| २६ | २०७८।०५।२२ | सामाजिक सञ्जाल | अप्रत्यक्ष | प्रदेश २ मा आफन्तबाट आफन्तको हत्याको डरलाग्दो श्रृखला लगातार बढीरहेको सन्दर्भमा | |
| २७ | २०७८।०५।२५ | शिवनन्दन जयसवाल | प्रत्यक्ष | लुम्बिनी प्रदेशमा भोजपुरी सामिल गर्ने गरी सिफासिश सच्याउने सम्बन्धमा। भाषा आयोग र नेपाल सरकारलाई सिफारिस गरिदिने बारे । | |
| २८ | २०७८।०५।२८ | सामाजिक संजाल | अप्रत्यक्ष | सिराहको लाहान आश्रमको नाउमा चेलीवेटी मानववेचविखन तथा ओसारपोसारमा संलग्न र महिला सिराहाबाट पक्राउ सन्दर्भमा | |
| २९ | २०७८।०५।२८ | पत्रपत्रिकाबाट | अप्रत्यक्ष | सिराहा नाकामा विरामीलाई बन्द, तस्करलाई खुला गरिएको बारे | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | २०७८।०६।०६ | परमशिला बनिया | इमेल | लुम्बिनी प्रदेशमा भोजपुरी सामिल गर्ने गरी सिफारिस सच्याउने सम्बन्धमा भाषा आयोग र नेपाल सरकारलाई सिफारिस गरिदिने सम्बन्धमा । | |
| ३१ | २०७८।०६।११ | नागरिक दैनिक पत्रिकाबाट | अप्रत्यक्ष | न्यायका लागि कष्टपूर्ण पैदल यात्रा | |
| ३२ | २०७८।०६।०६ | बालासुन्दरी खबर | अप्रत्यक्ष | काजलको पिडासँग खेल्दै छन मिर्चैया प्रहरीका डएसपि श्रेष्ठ | |
| ३३ | २०७८।०६।०६ | इमेल मार्फत प्राप्त भएको | अप्रत्यक्ष | स्यानिटरी प्याड मा बढाइएको कर विरुद्ध उजुरीको सम्बन्धमा | |
| ३४ | २०७८।०६।१५ | सतार अन्सारी | | युवकको शव झुण्डिएको अवस्थामा फेला परेको र प्रहरीले आवश्यक कदम नचालेको सम्बन्धमा । | |
| ३५ | २०७८।०६।१९ | मिसन पालिका पत्रिका | | पत्रकार साहद्वारा न्यायको माग गर्दै प्रहरीमा उजुरीको सम्बन्धमा । | |
| ३६ | २०७८।०६।२० | | प्रत्यक्ष | मधेशी समुदायलाई गाली गलौच गरी अपमानजनक शब्दको उच्चारण र प्रहरीले जाहेरी नमानेको सम्बन्धमा । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | २०७८।०६।२४ | स्थानीय नागरिक | अप्रत्यक्ष | ग्रामिण क्षेत्रमा भन्सार नाका नखुलेकोले कर बुझाउन नसकेको र आवागमनमा अप्ठ्यारो परेको सम्बन्धमा । | |
| ३८ | २०७८।०६।२७ | मृतकको परिवार (मौखिक) | प्रत्यक्ष | हकिम मिया भोक्राह सुनसुरीको प्रहरी हिरासतमा मृत्यु भएको सम्बन्धमा । | |
| ३९ | २०७८।०६।२७ | विकाउ यादव, धनुषा | प्रत्यक्ष | किसानद्वारा उत्पादित धानको लागत उत्पादनको आधारमा मूल्य निर्धारण गरी सरकारी तवरबाट नै खरीद गरिदिने व्यवस्था हुन पहल गर्ने सम्बन्धमा । | |
| ४० | २०७८।०६।२७ | रघुनाथ दास, धनुषा | प्रत्यक्ष | १३ बर्ष मुनिका युवाहरुलाई २० वर्षको उमेर बनाई वैदेशिक रोजगारमा पठाउने गरेकोले यसलाई रोक्न पहलका लागि । | |
| ४१ | २०७८।०६।२७ | रामसेवक साह धनुषा | प्रत्यक्ष | किसानलाई मिटर व्याजीहरुले अत्याधिक शोषण गर्ने गरेको सम्बन्धमा | |
| ४२ | २०७८।०६।२७ | राम वली कापर | प्रत्यक्ष | किसानहरुको रासायनिक पलमा सहजीकरण गरिदिने सम्बन्धमा | टिपोट |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | २०७८।०६।२७ | राम सेवक यादव | प्रत्यक्ष | शिक्षामा विपन्न र अतिविपन्न वर्गको पहुँच क्रमशः घट्दै गएको सम्बन्धमा | टिपोट |
| ४४ | २०७८।०६।२७ | श्याम महतो | प्रत्यक्ष | सामुदायिक विद्यालय तथा क्याम्पसहरुमा शिक्षाका प्राध्यापकहरुले चरम लापरवाही गर्ने गरेको सम्बन्धमा | टिपोट |
| ४५ | २०७८।०६।२७ | रमेश मण्डल | प्रत्यक्ष | प्रदेश नं. २ का जिल्लाहरुमा जातीय द्वेष झन बढ्दै गएको सम्बन्धमा | टिपोट |
| ४६ | २०७८।०६।२७ | सरला पण्डित | प्रत्यक्ष | प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय निकायका रकमहरु मेला महोत्सवमै खर्चिने गरेको सम्बनधमा | टिपोट |
| ४७ | २०७८।०६।२८ | डा. रेवती रमण लाल | प्रत्यक्ष | स्रष्टाहरुले पुस्तक प्रकाशन र विक्रिको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले कार्य नगरेको सम्बन्धमा । | टिपोट |
| ४८ | २०७८।०६।२८ | डा. रेवती रमण लाल | प्रत्यक्ष | भाषा कला र संस्कृतिकको साथै लिपीहरुको संरक्षण हुन नसकेको सम्बन्धमा । | टिपोट |
| ४९ | २०७८।०६।२९ | रामरोसन दास | प्रत्यक्ष | राजा जनकका कुलदेवी गिरीजा महारानी रहेको तर राजदेवी मन्दिरमा कुलदेवी राजदेवी जनकको रहेको | टिपोट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लेखिएको इतिहास र संस्कृतिलाई बङ्याउने कार्य र भ्रम हुने कार्य रहेको सम्बन्धमा । | |
| ५० | २०७८।०६।२९ | जयशंकर झा | प्रत्यक्ष | लागु औषधको कारण युवाहरु विग्रिने गरेको तर प्रदेश सरकार र स्थानीय सरकारले ध्यान नदिएको सम्बन्धमा | टिपोट |
| ५१ | २०७८।०६।२९ | जयशंकर झा | प्रत्यक्ष | नैतिक शिक्षा उत्थानको लागि सरकारले कुनै कार्य नगरेको सम्बन्धमा । | टिपोट |
| ५२ | २०७८।०७।०५ | स्थानीय | अप्रत्यक्ष | जनकपुरधामको जानकी मन्दिर र विवाह मण्डपमा एक मुस्लिम केटाले इस्लामिक झण्डा फहऱ्यार टिकटक बनाएको सम्बन्धमा । | टिपोट |
| ५३ | २०७८।०७।०५ | Dcnepal.com नामक वेवसाइटबाट | अप्रत्यक्ष | लालकिशोर महासेठ ५४ बर्षिय धनुषा महेन्द्रनगर हाल अमेरिका बोस्टम Fail river mass chutes निवासी व्यवसायी आफ्नै पसलमा रहेको वेला १०:३० बजे रात्री समयमा अज्ञात समुहले गोली प्रहार गरी हत्या गरेको सम्बन्धमा । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | २०७८।०७।०५ | प्रा. प्रभाकर लाल दास | प्रत्यक्ष | रेलवे संचालन नभएको सम्बन्धमा । | टिपोट |
| ५५ | २०७८।०७।०६ | स्थानीय वासिन्दा | अप्रत्यक्ष | जनकपुरधामका पोखरीहरु मासिदै घर ठडिदै गएको सम्बन्धमा । | टिपोट |
| ५६ | २०७८।०७।०५ | राजेन्द्र नायक भुटुन यादव | प्रत्यक्ष | प्रदेश २ का युवाहरु लागुपदार्थमा अत्याधिक क्रम बढ्दो १५ वर्ष देखि ३५ बर्ष सम्मका प्राय घर परिवार विग्रदै पुनः स्थापना केन्द्रहरुमा पनि सम्हाल्दै नसकिने अवस्था रहेको सम्बन्धमा । | टिपोट |
| ५७ | २०७८।०७।०५ | पत्रपत्रिका | अप्रत्यक्ष | कपिलवस्तु कृष्णनगरमा झाडा पखालाको कारण ४ जनाको मृत्यु ४३ जना सिकिस्त रहेको सम्बन्धमा । | |
| ५८ | २०७८।०७।०५ | विक्रम मणी त्रिपाठी | प्रत्यक्ष | जनगणनामा भाषा सम्बन्धी। | |
| ५९ | २०७८।०७।०८ | इन्द्रजित साफी | प्रत्यक्ष | नेपालमा नागरिकताको समस्याबारे ज्ञापन पत्र | |
| ६० | २०७८।०७।०८ | सिन्दुरिया समाज नेपाल | हुलाकबाट | राष्ट्रिय जनगणनामा सिन्दुरिया बनिया छुटेकोमा असन्तुष्ट | |
| ६१ | २०७८।०७।११ | विश्वनाथ दास | प्रत्यक्ष | सिफारिस सम्बन्धमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६२ | २०७८।०८।०६ | विर बहादुर, राजु पाशवान, राज कुमार महासेठ | प्रत्यक्ष | गौर जेलमा व्यापक अनियमितता | |
| ६३ | २०७८।०९।०६ | आमिर राजा | प्रत्यक्ष | टियु बाट प्रदान गरिएको गोल्ड मेडलमा गरिएको अन्याय उपर छानविन सम्बन्धमा | |
| ६४ | २०७८।०९।१२ | बबली कुमारी | प्रत्यक्ष | बालविवाह र बहुविवाह | |
| ६५ | २०७८।०९।१२ | विनु यादव | प्रत्यक्ष | सहयोग गरी पाउ भन्ने विषयमा | |
| ६६ | २०७८।०९।१२ | राज कुमार महासेठ समेत | प्रत्यक्ष | अझ समस्या उत्पन्न हुने र मानिस मर्ने सशक्त सम्भावना रहेको । | |
| ६७ | २०७८।०९।१८ | देव लाल मुखिया | प्रत्यक्ष | न्याय दिलाई दिने सम्बन्धमा । | |
| ६८ | २०७८।०९।२३ | हिन्दु परिषद नेपाल मार्फत सामाजिक संजाल | अप्रत्यक्ष | छठ पर्वको वेला मुस्लिम समुदायको आक्रमणमा परी घाइते भएका कलैया उपमनपा-९ पचायनपुर टोल निवासी राधेश्याम पटेलको उपचारको क्रममा २०७८।९।२२ गते मृत्यु भएको सम्बन्धमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | २०७८।०९।२५ | राजु प्रसाद गुप्ता | प्रत्यक्ष | उजुरी सम्बन्धमा | |
| ७० | २०७८।०९।३० | विजय यादव (टेलिफोन मार्फत) | प्रत्यक्ष | कठ्याङग्रिएर प्रदेश २ का जिल्लाहरु सप्तरी, सिराहा, धनुषा, महोत्तरीमा ६ जनाको मृत्यु भएका छन । राज्यले तराई मधेश विपय व्यवस्थापन प्राधिकरण निर्माण गरी बाढी पहिरो, हावा हुरी, आगजनी सहितका समस्याहरु समाधान पहल गर्नुहुन | |
| ७१ | २०७८।१०।१६ | अन्जली कुमारी झा | प्रत्यक्ष | चिकित्सा शिक्षा आयोगबाट BHP को शैक्षिक कार्यक्रमहरुमा भर्नाका लागि फर्म भर्नका लागि सहयोग गरिदिनुहुन । | |
| ७२ | २०७८।१०।१६ | दुर्गा प्रसाद यादव, विर प्रसाद | प्रत्यक्ष | बेखर्चीलाई खर्च उपलब्ध गराउन एउटा फण्ड व्यवस्था गर्नुपर्ने | |
| ७३ | २०७८।१०।१६ | राम सेवक साह | प्रत्यक्ष | किसानलाई मल, विउ र सिचाईको समस्याको सम्बन्धमा | |
| ७४ | २०७८।१०।१६ | शिव नारायण झा | प्रत्यक्ष | मिथिला आयुर्वेद मेडिकल क्याम्पसको वार्षिक परीक्षा जनकपुरधामबाट दाङ सारेको सम्बन्धमा | टिपोट |

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ | २०७८।१०।१६ | मिथिलेश यादव | प्रत्यक्ष | कानूनमाथी क्रसर व्यवसायी सिराहा सहितका मधेश प्रदेशका जिल्लाहरुमा कानुन मिचेर खडा भएका क्रसर उद्योग मधेश प्रदेश भरि नै संचालित रहेको सम्बन्धमा । | टिपोट |
| ७६ | २०७८।१०।१६ | अशोक यादव | प्रत्यक्ष | जनमत पार्दी र प्रहरीबीच भिडन्त । जनमत पार्टी र जसपा बीचको भिडन्तको अवस्था मधेश प्रदेशमा दलित, किसानको समस्या समाधान हेतु ज्ञापन पत्र | टिपोट |
| ७७ | २०७८।१०।१७ | साझा न्युज तौलिहवा, मा. वृजेश चन्द्र गुप्ता | प्रत्यक्ष | मधेशीलाई खस आर्य सूचीबाट हटाउन माग गर्दै ज्ञापन | |
| ७८ | २०७८।१०।१८ | विजय अग्रहरी | प्रत्यक्ष | मधेशीलाई खस आर्य सूचीबाट हटाउने निर्णय | |
| ७९ | २०७८।१०।१८ | बृजेश गुप्ता | प्रत्यक्ष | खस आर्य समुदायको थर सूचीकरण बारे । | |
| ८० | २०७८।१०।२० | राकेश ठाकुर (सामाजिक संजाल) | अप्रत्यक्ष | पत्थरगाडा स्कुलमा रिले अनसन सम्बन्धमा । | |
| ८१ | २०७८।१०।२४ | रीता साह (onlinekhabar.com) | अप्रत्यक्ष | भाउजुलाई देवरले पेट्रोल छर्केर आगो लगाइएको सम्बन्धमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८२ | २०७८।१०।२४ | सत्यन्द्र प्रताप | अप्रत्यक्ष | रौतहटको इसनाथ न.पा. वडा नं. ५ लक्ष्मिनिया सरस्वती पुजा विसर्जन गर्ने क्रममा प्रहरी माथी मुस्लिम महिलाको ज्यादती बारे । | |
| ८३ | २०७८।११।०३ | सोनाली कुमारी सिंह (निहारिका) | प्रत्यक्ष | कानूनी न्याय दिलाउनको बारे | |
| ८४ | २०७८।११।१० | शम्भु ठाकुर | प्रत्यक्ष | अपहरण, शरिर बन्धक तथा जबरजस्ती करणी सम्बन्धमा | |
| ८५ | २०७८।११।१२ | श्रीकान्त साह | प्रत्यक्ष | घटनाको छानविन गरी पाउँ बारे सम्बन्धमा | |
| ८६ | २०७८।११।१८ | अनिल कुमार यादव, सप्तरी | प्रत्यक्ष | आवश्यक पहल गरिदिनुहुन बारे | |
| ८७ | २०७८।११।२४ | अनिल झा, रौतहट | प्रत्यक्ष | अनसन सम्बन्धमा । | |
| ८८ | २०७८।११।२५ | देवानन्द लाल कर्ण | अप्रत्यक्ष | छुट प्राविधिक ग्रेड सम्बन्धमा | |
| ८९ | २०७८।११।३० | २०१५ र २०१६ व्याच MBBS internship china | प्रत्यक्ष | इन्टर्नशिपको लागि प्रबन्ध मिलाई दिनहुन बारे | |
| ९० | २०७८।११।३० | बेचन साह | अप्रत्यक्ष | उजुरी सम्बन्धमा | |
| ९१ | २०७८।१२।०७ | नन्दलाल दास सिन्दुरिया | अप्रत्यक्ष | जातजातिको सूची र तिनका थरहरु | वेवसाइट मार्फत |

| | | | | | |
|---|---|---|---|---|---|
| ९२ | २०७८।१२।०७ | पुजा गर्ग अग्रवाल | अप्रत्यक्ष | थर मधेशीमा भए नभएको सन्दर्भमा | वेवसाइट मार्फत |
| ९३ | २०७८।१२।०९ | श्री चित्रगुप्त सेवा समिति | प्रत्यक्ष | सुझाव सहित ज्ञापन पत्र प्रस्तुत गरिएको बारे | बोधार्थ |
| ९४ | २०७८।१२।११ | सामाजिक संजाल | अप्रत्यक्ष | जुजुमान नाम गरेको फेसवुक प्रयोगकर्ताले मधेशी समुदायमा सम्मानमा आच आउने गरी अपमानजनक शब्दहरु प्रयोग गरेको | |
| ९५ | २०७८।१२।१३ | ए .के. अधिकारी | प्रत्यक्ष | कारवाही सम्बन्धमा | |
| ९६ | २०७८।१२।१३ | विनु यादव | प्रत्यक्ष | सहयोग गरी पाउँ भन्ने सम्बन्धमा | |
| ९७ | २०७८।१२।२४ | सुशील प्रसाद सेनुरिया बनिया (गुड्ु) | प्रत्यक्ष | आपतिजनक भाषण गर्नेलाई उपस्थित गराई कारवाही गरी पाउँ | |
| ९८ | २०७९।०१।१२ | रोजी कर्ण | इमेल | उत्पीडन तथा धम्की | |
| ९९ | २०७९।०१।१२ | लक्ष्मण साह रौनियार प्रियंका कु. साह. | प्रत्यक्ष | साउदी अरबमा कामदारको मृत्यु सम्बन्धमा | |
| १०० | २०७९।०१।१९ | सुशिल प्रसाद सेनुरिया | प्रत्यक्ष | आपतिजनक भाषण गर्नेलाई उपस्थिति गराई कारवाही गर्न पाउ सम्बन्धमा । | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०१ | २०७९।०१।१९ | अनलाइन खबरमार्फत | अप्रत्यक्ष | बालेन शाह माथि केशब स्थापितको अराजनीतिक टिप्पणीबारे सम्बन्धमा | |
| १०२ | २०७९।०१।२३ | छटु मुखिया विन | प्रत्यक्ष | जाहेर दरखास्त दर्ता गरी पाउन तोक आदेश सहितको निर्देशन जारी गरी समुचित शान्ति सुव्यवस्था कायम गराई पाउ | |
| १०३ | २०७९।०२।१२ | सविता यादव | प्रत्यक्ष | आफ्नो हकमा उचित न्यायका लागि पहल गरी पाउँ भन्ने सम्बन्धमा (BPKIHS मा मधेशी नै भएकोले भेदभाव र वदनियत पुर्ण तरिकाले अन्तरवार्ताबाट हटाइएको) | |
| १०४ | २०७९।०२।२० | सामाजिक संजाल | अप्रत्यक्ष | मुस्लिमलाई दलित भनि प्रमाणित गरेको सम्बन्धमा | |
| १०५ | २०७९।०३।०३ | कोशी अनलाइन खबर | अप्रत्यक्ष | अमित यादव मृत्यु प्रकरण | |
| १०६ | २०७९।०३।०६ | रविन्द्र नाथ ठाकुर | प्रत्यक्ष | अल्पसंख्यक समुदायः सैद्धान्तिक अवधारणा र अधिकारको प्रश्न | |
| १०७ | २०७९।०३।०६ | सामाजि संजाल (कमल बन्जाडेको | अप्रत्यक्ष | ई-ईश्वर (ईसाइकरण) र कालो वर्णकी महिलालाई कुरुप (Ugly) र गोरो | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | फेसवुक वालबाट) | | विदेशी महिलालाई सुन्दर भनि पाठ्यपुस्तक राखिएको सम्बन्धमा । | |
| १०८ | २०७९।०३।०८ | वेचन मुखिया | प्रत्यक्ष मेसेन्जर | सामाजिक सुरक्षा भत्ता काटीएको सम्बन्धमा | |
| १०९ | २०७९।०३।०८ | जँहागीर आलम | प्रत्यक्ष | नागरिकता बनाउन समस्या भएको सम्बन्धमा | |
| ११० | २०७९।०३।१२ | अप्रत्यक्ष | सामाजिक संजाल | इ.प्र.का. लहानमा राष्ट्रिय परिचयपत्र बनाउन सेवाग्राही सास्ती र वेवास्ता गरिएको सम्बन्धमा । | |
| १११ | २०७९।०३।१३ | राम प्रवेश राय यादव | प्रत्यक्ष | आवश्यक कारवाही गरी पाउँ बारे । | |
| ११२ | २०७९।०३।२४ | रवि राज साह | प्रत्यक्ष | हिन्दु देवी देवतालाई आपतिजनक कमेन्ट लेखेको सम्बन्धमा । | |
| ११३ | २०७९।०३।२४ | मिथिला संस्कृति समाज | प्रत्यक्ष | सत्य तथ्य पता लगाई दिनुहुन बारे । | सरोकारवालाहरुसँग छलफल |
| ११४ | २०७९।०३।२९ | प्रविण नारायण चौधरी | मेसेन्जर | कालो ब्यानर बोकेर विरोधमा किन उत्रिए प्रदेश १ का मैथिल समाज | |

# अनुसूची - ३

**प्रदेशगत कार्यक्रमहरु**

आ. व. २०७८।७९ मा आयोगमा स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित वजेट रकम भित्र रही सम्पादन गरिएका कार्यहरुलाई प्रदेशगत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**प्रदेश १**

**कार्यक्रमको नाम**ः मधेशी आयोगको इच्छा नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| | प्रदेश नं. १ को सुनसरी जिल्लाको हरिनगर गाउँपालिका स्थित रामनगर भुटाहामा | धर्म, संस्कृतिको जगेर्ना सम्बन्धमा श्री विशाल मिथलेश्वर शिव मन्दिर रामनगर स्थित हिन्दु मुस्लिमको द्वन्द्वको कारण तोड्न लागेको मन्दिरको सम्बन्धमा । | • मधेशी आयोगको शाखा कार्यालय प्रदेशमा पनि हुनुपर्ने ।<br>• महिला हिंसा, विभेद, कुरीती, कुप्रथा विरुद्ध ७७ वटै जिल्लामा प्रभावकारी अनुगमन हुनुपर्ने ।<br>• महिलाहरु सुत्केरी हुँदा अस्पताल नगई जडिवुटी, धामी झाक्री जस्ता अन्धविश्वासमा लाग्ने ।<br>• मिथिला विश्वविद्यालयको स्थापना गर्नुपर्ने ।<br>• महिला, युवतिहरुमाथी एसिड प्रहार जस्ता जघन्य अपराध गरेको । |

**सुझावः**

१. आयोगको कार्यक्षेत्र फराकिलो भएको हुँदा जिल्ला र प्रदेशस्तरमा पनि आयोगका शाखा कार्यालयहरु स्थापना हुनुपर्ने ।

२. मधेशी समुदायमा व्याप्त सवै प्रकारका अन्धविश्वास, कुरीति, छुवाछुत, विभेद, शोषणलाई अन्त्य भई समतामूलक समाजको निर्माण हुनुपर्ने ।

३. भाषा, कला, संस्कृति, लिपीको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको दायित्व भएको हुँदा यसको संरक्षण र सम्बर्द्धन गर्न राज्यका तीनै तहले विशेष ध्यान दिनुपर्ने ।

**कार्यक्रमको नामः मधेशी समुदायको भाषा, लिपी, संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी**

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| १ | सुनसरी जिल्लाको हरिनगर गाउँपालिकामा | धर्म संस्कृतिको जगेर्ना गरी सामाजिक सद्भाव, राष्ट्रिय एकता कायम गर्नु | • होलीको नाममा विकृतिहरु बढ्ने गरेको ।<br>• समाजमा होहल्ला गर्ने, जवरजस्ती रंग लगाउने कार्यहरु हुने गरेको ।<br>• तराइ र पहाड र जनकपुरमा होली भिन्न भिन्न दिनमा हुने गरेको ।<br>• होलीको दिन मादक पदार्थ सेवन गर्ने र जथाभावी सवारीहरु चलाउने गरेको । |

**सुझाव :**

- हिमाल, पहाड, तराईका विभिन्न जिल्ला र धनुषाको जनकपुरमा होली एकै दिनमा हुनु पर्ने।
- होलीको नाममा समाजमा बढ्दै गएको विकृतिलाई निर्मुल गरी सामाजिक सद्भाव र एकता स्थापित गर्न चेतनामूलक कार्यक्रमहरु गर्नुपर्ने ।
- संस्कृतिको नाममा हुने जघन्य अपराधहरुको निराकरणका लागि स्थानीय सरकारले विशेष ध्यान दिनुपर्ने ।
- बजारमा बेचिने रङमा अत्यधिक रसायनयुक्त पदार्थ प्रयोग गरिने हुँदा छाला चिलाउने, पोल्ने अथवा आँखामा पर्यो भने आँखा दुख्ने, रातो हुने समस्या देखिने भएकोले सतर्कता अपनाउनुपर्ने ।
- होलीको दिन मादक पदार्थ सेवन गरी सवारी चलाउने गर्दा विभिन्न दुर्घटना हुन सक्ने भएकोले यसमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने ।

**मधेश प्रदेश**

कार्यक्रमको विवरणः मधेशी आयोगको इच्छा नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| | मधेश प्रदेशको महोत्तरी जिल्ला, मटिहानी | मधेशी समुदायका व्यक्तिहरुमा सदाचार, नैतिकता र व्यवसायिकतामा अभिवृद्धि ल्याउनु | • व्यक्तिहरुको स्कुलिङ्गमा नै नैतिक शिक्षाको अभाव रहेको छ । <br>• नैतिकवान भई सवैको भलो होस भन्ने आम नागरिकको इच्छा र आकांक्षा रहेता पनि सो अनुकुल परिवर्तन गर्न प्रमुख चुनौती रहेको । |

**सुझावः**

- नैतिक शिक्षाकै माध्यमबाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्मण हुँदा सकारात्मक सोचको विकास भई आफ्नो दायित्व वोध हुदै जान्छ । जसले गर्दा मानिसमा सदाचार, विनम्रता, सदभाव, परोपकार पक्षले स्थान पाउँछ । त्यसकारण पूर्व प्राथमिक, प्राथिमिक र माध्यमिक पाठ्यक्रममा नै नैतिक शिक्षा समावेश गरी नैतिकवान मधेश बनाई नैतिक शिक्षामा जोड दिनुपर्ने ।
- नैतिकवान नागरिक निर्माणको लागि विभिन्न गोष्टी, तालिम, अनुशिक्षण, सेमिनार, प्रशिक्षण कार्यक्रमहरु संचालन हुनुपर्ने ।

**कार्यक्रमको नामः** मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| | मधेश प्रदेशको धनुषा जिल्लाको जनकपुरमा कार्यक्रम सम्पन्न भएको | राज्यको मूलधारमा ल्याउन मधेशी समुदायका युवा युवतीहरुलाई लोकसेवा आयोगको तयारी सम्बन्धी कार्य गर्ने । | • मधेशी समुदायका युवा युवती मध्ये कतिपयलाई लोकसेवा परीक्षा सम्बन्धी जानकारी समेत नरहेको।<br>• लोकसेवा परीक्षाको विश्वसनियताको सम्बन्धमा विश्वस्त गराउन ठूलो चूनौती रहेको ।<br>• मातृभाषामा ज्ञान प्राप्त भएकोले नेपाली भाषामा पढन लेख्न तथा परीक्षा प्रतिस्पर्धा गर्न गार्हो भई एकरुपता कायम गर्न नसकेकोले । |

**सुझावः**

- लोकसेवाको परीक्षा आ-आफ्नै मातृभाषामा वा अन्तराष्ट्रिय भाषामा सवैले दिदा एकरुपता हुने र विभेद नहुने देखिएको सो अनुसार हुन जोड दिनुपर्ने ।
- नेपालकै सवभन्दा जेठो पाठशाला ३०४ वर्ष पुरानो राजकीय संस्कृत पाठशाला नै रहेको तथ्यगत प्रमाण भएता पनि सो अनुसार विज्ञान, प्रविधि तथा शिक्षा मन्त्रालय तथा अन्य निकायले पाठ्यक्रम र सामान्यज्ञानमा राखिएको हुनाले तत्काल पहल गरी सोही अनुसार अनिवार्य राख्नुपर्ने ।

**कार्यक्रमको नामः  मधेशी समुदायको भाषा, लिपी, संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी**

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| १ | सप्तरी जिल्लाको राजविराज नगरपालिका | धर्म संस्कृतिको जगेर्ना गरी सामाजिक सदभाव, राष्ट्रिय एकता कायम गर्नु | • होलीको नाममा विकृतिहरु बढ्ने गरेको ।<br>• समाजमा होहल्ला गर्ने, जवरजस्ती रंग लगाउने कार्यहरु हुने गरेको ।<br>• तराइ र पहाड र जनकपुरमा होली भिन्न भिन्न दिनमा हुने गरेको । |
| २ | सिराहा जिल्लाको मिर्चैया नगरपालिका | | |

**सुझाव** ः

- हिमाल, पहाड, तराई र जनकपुरधाममा होली पर्व विभिन्न मितीमा मनाउने भएकोले राष्ट्रिय विदा दुई दिन हुनुपर्ने।
- होलीको नाममा समाजमा बढ्दै गएको विकृतिलाई निर्मुल गरी सामाजिक सद्भाव र एकता स्थापित गर्न चेतनामूलक कार्यक्रमहरु गर्नुपर्ने ।

- संस्कृतिको नाममा हुने जघन्य अपराधहरुको निराकरणका लागि स्थानीय सरकारले विशेष ध्यान दिनुपर्ने ।

**वागमती प्रदेश**

**कार्यक्रमको नामः** मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम

| सि.नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| | वागमती प्रदेशको मकवानपुर हेटौडा | मधेशी समुदायको युवायुवतीहरुलाई लोकसेवा तयारी गर्न अभिप्रेरित गराई समाज र राष्ट्र सेवामा समर्पित गराउने | • बजेट कम हुँदा कार्यक्रम संचालन गर्न कठिनाई<br>• मासिक वा अर्धवार्षिक रुपमा कम्तीमा १ पटक कक्षा संचालन गर्नुपर्ने । |

**सुझावः**

१. लोकसेवा तयारी अभिमुखिकरण कार्यक्रम अत्यन्तै उपलब्धीमूलक रहेको तर एकदिने अभिमुखीकरण कार्यक्रमका अतिरिक्त कम्तिमा कुनै एक (खरिदार, सुब्बा) स्थानीय तथा प्रदेशको पाठयक्रम अन्तर्गत रही कम्तीमा २(दुई) महिने कक्षा संचालन माग भएको ।

२. लोकसेवाका साथै अन्य सीपमूलक, आय आर्जनमूलक प्रशिक्षणको माग भएको हुँदा त्यसको व्यवस्था गर्नु पर्ने ।

३. थोरै बजेटवाट कम वालवालिका सहभागी गराई कार्यक्रम गर्नुपर्ने अवस्थामा कार्यक्रम स्थलमा बढीको सहभागीता हुने हुँदा बजेट बढाई कार्यक्रम बनाउनुपर्ने ।

४. वालविवाहको समस्या रहेको हुँदा वालविवाह सम्बन्धी चेतनामूलक कार्यक्रम राख्नुपर्ने,

## लुम्बिनी प्रदेश

कार्यक्रमको विवरणः मधेशी आयोगको इच्छा नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| | लुम्विनी प्रदेशको नेपालगंज | मधेशी समुदायका युवायुवतीहरुलाई नैतिकवान बनाई समाज र राष्ट्र सेवामा समर्पित गराउने । | • प्रारम्भिक शिक्षा देखि नै पाठ्यक्रममा नैतिक शिक्षाको अभाव रहेको<br>• नैतिकवान भई सवैको भलो होस भन्ने आम नागरिकको इच्छा र आकांक्षा रहेता पनि सो अनुकुल परिवर्तन गर्न प्रमुख चुनौती रहेको । |

**सुझावः**

१. थोरै बजेटवाट कम वालवालिका सहभागी गराई कार्यक्रम गर्नुपर्ने अवस्थामा कार्यक्रम स्थलमा बढीको सहभागीता हुने हुँदा बजेट बढाई कार्यक्रम बनाउनुपर्ने ।

२. सामाजिक कु-संस्कार कुरीति र अन्धविश्वासलाइ चिर्दै उज्यालो दिशा तिर उन्मुख हुनुपर्ने ।

३. वालविवाह, वहुविवाहको समस्या रहेको हुँदा वालविवाह र वहुविवाह सम्बन्धी चेतनामूलक कार्यक्रम राख्नुपर्ने,

४. समाज र राष्ट्रको विकासका लागि व्यक्तिगत सदाचार, स्वावलम्बीले ठुलो भूमिका खेलेको हुन्छ भन्ने कुरामा जोड दिनुपर्ने ।

५. व्यक्तिको ब्यबहार, विनम्रता, आदर, संस्कार जस्ता आधारभूत आवश्यक मान्यताहरुमा विशेष जोड दिनुर्ने ।

## कर्णाली प्रदेश

कार्यक्रमको विवरणः मधेशी समुदायको सशक्तीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| | कर्णाली प्रदेशको सुर्खेत विरेन्द्रनगर | मधेशी समुदायका युवायुवतीहरुलाई लोकसेवा तयारी गर्न अभिप्रेरित गराई समाज र राष्ट्र सेवामा समर्पित गराउने | • कर्णाली प्रदेशमा भौगोलिक जटिलताले गर्दा प्रदेशको सवै ठाउँमा पुग्न तथा त्याहाँको सवै जिल्लाको युवा युवतीलाई सहभागी गराउन नसकिएको<br>• कम वजेटबाट कार्यक्रम संचालन गर्न कठिनाई |

**सुझावः**

१. लोकसेवा तयारी अभिमुखिकरण कार्यक्रम अत्यन्तै उपलब्धिमूलक रहेको तर एकदिने अभिमुखिकरण कार्यक्रमका अतिरिक्त कम्तिमा कुनै एक (खरिदार, सुब्बा) स्थानीय तथा प्रदेशको पाठयक्रम अन्तर्गत रही कम्तीमा २(दुई) महिने कक्षा संचालन माग भएको ।

२. लोकसेवाका साथै अन्य सीपमूलक, आयआर्जनमुलक प्रशिक्षणको माग भएको हुँदा त्यसको व्यवस्था गर्न ।

३. थोरै बजेटवाट कम वालवालिका सहभागी गराई कार्यक्रम गर्नुपर्ने अवस्थामा कार्यक्रम स्थलमा बढीको सहभागीता हुने हुँदा बजेट बढाई कार्यक्रम बनाउन ।

४. वालविवाहको समस्या रहेको हुँदा वालविवाह सम्बन्धी चेतनामूलक कार्यक्रम राख्नुपर्ने,

५. स्वास्थ्यको अवस्था कमजोर देखिएको हुँदा आवश्यक ठाउमा स्वास्थ्य केन्द्रहरुको स्थापना गर्नुपर्ने

६. भौगोलिक विकटताको कारण वालवालिकाहरुलाई विद्यालय पुग्न घण्टौ लाग्ने अवस्था विद्यमान रहेको हुँदा आवश्यक ठाउमा विद्यालय स्थापना हुनुपर्ने ।

## सुदूरपश्चिम प्रदेश

**कार्यक्रमको विवरणः मधेशी आयोगको इच्छा नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा**

| सि. नं. | कार्यक्रम गरिएका प्रदेशका जिल्ला/स्थान | उद्देश्य | समस्या /चुनौती |
|---|---|---|---|
| | सुदूरपश्चिम प्रदेशको धनगढीमा | मधेशी समुदायका व्यक्तिहरुमा सदाचार, नैतिकता र व्यवसायिकतामा अभिवृद्धि ल्याउनु | • व्यक्तिहरुको स्कुलिङ्गमा नै नैतिक शिक्षाको अभाव रहेको<br>• नैतिकवान भई सवैको भलो होस भन्ने आम नागरिकको इच्छा र आकांक्षा रहेता पनि सो अनुकुल परिवर्तन गर्न प्रमुख चुनौती रहेको । |

**सुझाव**ः प्राथमिक र माध्यमिक पाठ्यक्रममा नै नैतिक शिक्षा समावेश गरी नैतिकवान मधेश बनाई सशक्त नैतिक शिक्षामा जोड दिनुपर्ने ।

# अनुसूची - ४

## आयोगका पदाधिकारीहरुबाट गरिएको अनुगमन

आ.व. २०७८/७९ मा यस आयोगबाट भएका अनुगमनको विवरण निम्न रहेको छ ।

| सि. नं. | प्रदेश/जिल्ला | अनुगमनको विषय | अनुगमनकर्ता |
|---|---|---|---|
| १. | मधेश प्रदेशको महोत्तरी जिल्ला | दाइजोको कारण हत्या गरिएको घटनाको अनुगमन | मा. सदस्य आभा कुमारी |
| २. | वागमती प्रदेशको चितवन जिल्ला | चितवन जिल्लास्थित नारायणगढमा निर्माणको क्रममा रहेको रंगशालाको अनुगमन | मा. अध्यक्ष डा. विजय कुमार दत्त |
| ३. | मधेश प्रदेशको धनुषा जिल्ला | मधेश प्रदेशको धनुषा जिल्लामा हिरासतमा मृत्यु भएको पल्टु सदाको घर पुगी मृतकका परिवारसँग घटनाबारे छलफल | मा. अध्यक्ष डा. विजय कुमार दत्त |
| ४. | मधेश प्रदेशको सप्तरी जिल्ला | सप्तरी जिल्लाको कोइलाडी गाउँको सरोकारवालहरुसँग सीमामा रहेका समस्याहरु बारे स्थानीय बासिन्दा, सशस्त्र प्रहरीका अधिकारीहरु छलफल | मा. अध्यक्ष डा. विजय कुमार दत्त र मा. सदस्य आभा कुमारी |
| ५. | मधेश प्रदेशको सप्तरी जिल्ला | सप्तरी जिल्लाको छिन्नमस्ता गाउँपालिकाको दलित समुदायमा हुने विभिन्न समस्याहरुको बारेमा छलफल | मा. अध्यक्ष डा. विजय कुमार दत्त |
| ६. | मधेश प्रदेशको धनुषा जिल्ला | छठ पर्वको दिन हिन्दु मुस्लिमको विचमा तेलिया पोखरीमा छठ घाट | मा. अध्यक्ष डा. विजय कुमार दत्त र मा. सदस्य आभा कुमारी |

| | | | |
|---|---|---|---|
| | | बनाउने विषयमा भएको झगडा सम्बन्धी स्थलगत अनुगमन | |
| ७. | मधेश प्रदेशको सप्तरी जिल्ला | सप्तरी जिल्लाको बलान विहुल गाउँपालिकामा कृषिका लागि चाहिने मल, विउ, किटनाशक औषधि हाहाकार भएको सम्बन्धमा अनुगमन तथा छलफल | मा. अध्यक्ष डा. विजय कुमार दत्त |
| ८. | मधेश प्रदेशको धनुषा जिल्ला | किसान आन्दोलनको स्थलगत अनुगमन | मा. सदस्य जीवछ साह, मा. सदस्य रेणु देवी साह, मा. सदस्य विजय कुमार गुप्ता, मा. सदस्य आभा कुमारी |
| ९. | वागमती प्रदेश र मधेश प्रदेशका जिल्लाहरु | मधेशमा व्याप्त महिला हिंसा, जातिय विभेद र सामाजिक कुरीति सम्बन्धी अनुगमन | मा. सदस्य आभा कुमारी |
| १०. | मधेश प्रदेशका विभिन्न जिल्लाहरु | खुल्ला सिमाना, महिला हिंसा र नागरिकता सम्बन्धी समस्याहरुको बारेमा छलफल | मा. सदस्य आभा कुमारी |
| ११. | मधेश प्रदेशको जिल्लाहरु | मधेशी समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गरी सकारात्मक पक्षको संरक्षण, संबर्द्धन तथा प्रबर्द्धन गर्ने वारेमा छलफल | मा. सदस्य आभा कुमारी |

| | | | |
|---|---|---|---|
| १२. | वागमती प्रदेशको सिन्धुली जिल्ला | जातिय लैङ्गिक विभेदको अवस्था, कानुनी उपचार र कार्यान्वयनको अवस्थाबारे अध्ययन | मा. सदस्य आभा कुमारी |
| १३. | प्रदेश नं. १ को सुनसरी जिल्ला स्थित इनरुवा नगरपालिका र भोक्राहा नरसिंह गाउँपालिका | बाढीबाट प्रभावित क्षेत्रहरुको अनुगमन | मा. रेणु देवी साह |
| १४. | प्रदेश नं. १ को झापा, सुनसरी जिल्ला, मधेश प्रदेशको रौतहट, वारा, पर्सा, सिराहा जिल्ला | प्रमुख जिल्ला अधिकारी र सरोकारवालाहरुसँग समसामयिक विषयमा छलफल | मा. सदस्य जीवछ साह |
| १५. | प्रदेश नं. १ को झापा, मोरङ्ग, सुनसरी र मधेश प्रदेशको ससरी जिल्ला | प्रमुख जिल्ला अधिकारी र सरोकारवालाहरुसँग समसामयिक विषयमा छलफल | मा. सदस्य रेणु देवी साह |
| १६. | लुम्विनी प्रदेशको कपिलवस्तु जिल्ला | प्रमुख जिल्ला अधिकारी र सरोकारवालाहरुसँग समसामयिक विषयमा छलफल | मा. सदस्य विजय कुमार गुप्ता |

| | | | |
|---|---|---|---|
| १७. | बागमती प्रदेशको हेटौंडामा | मधेशी समुदायसँग छलफल | मा. सदस्य जीवछ साह |
| १८. | प्रदेश नं. १ को उदयपुर, मधेश प्रदेशको सप्तरी, पर्सा र रौतहट जिल्ला र वागमति प्रदेशको मकवानपुर, गण्डकी प्रदेशको कास्की सुदुरपश्चिम प्रदेशको कैलाली | प्रमुख जिल्ला अधिकारी र सरोकारवालाहरुसँग समसामयिक विषयमा छलफल | मा. सदस्य आभा कुमारी |
| १९. | प्रदेश नं. १ को सुनसरी जिल्ला स्थित हरिनगर गाउँपालिका | शिव मन्दिर सम्बन्धमा, दाइजो प्रथाको साथै अन्य व्याप्त समस्याहरुको विषयमा छलफल | मा. सदस्य जीवछ साह, मा. सदस्य रेणु देवी साह, मा. सदस्य विजय कुमार गुप्ता |
| २०. | मधेश प्रदेशको जनकपुरधाम | किसान आन्दोलनको क्रमका गरिएको अनुगमन | मा. सदस्य जीवछ साह, मा. सदस्य रेणु देवी साह, मा. सदस्य विजय कुमार गुप्ता, मा. आभा कुमारी |

| | | | |
|---|---|---|---|
| २१. | मधेश प्रदेशको जनकपुरधाम | किसान आन्दोलनको क्रमका मधेश प्रदेशका मा. मुख्यमन्त्रीसँग छलफल | मा. आभा कुमारी |
| २२. | मधेश प्रदेश र लुम्विनी प्रदेशका विभिन्न जिल्लाहरु | २०७९ बैशाख ३० गतेको स्थानीय निर्वाचन स्थलमा पुगेर संचार माध्यमवाट राजनैतिक दल, प्रहरी, प्रशासन, उम्मेदवार र मतदाताहरुसँग भएको छलफल तथा अनुगमन | मा. अध्यक्ष डा. विजय कुमार दत्त, मा. सदस्य जीवछ साह, मा. सदस्य रेणु देवी साह, मा. सदस्य विजय कुमार गुप्ता, मा. सदस्य आभा कुमारी |
| २३. | गण्डकी प्रदेशको नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्ला | मधेशी समुदायको सरोकारवालाहरुसँग थर सूचीकरण सम्बन्धी छलफल कार्यक्रम | आयोगका कर्मचारीहरु |
| २४. | लुम्बिनी प्रदेशको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला | मधेशी समुदायको सरोकारवालाहरुसँग थर सूचीकरण सम्बन्धी छलफल कार्यक्रम तथा अनुगमन | आयोगका कर्मचारीहरु |
| २५. | मधेश प्रदेशको सप्तरी जिल्ला | छिन्मस्ता भगवतीको मुखौटा चोरी सम्बन्धमा | मा. अध्यक्ष डा. विजय कुमार दत्त, मा. सदस्य जीवछ साह, मा. सदस्य आभा कुमारी |
| २६. | मधेश प्रदेशको सप्तरी जिल्ला | छिनमस्ता गाउँपालिकामा मेयर उपमेयरबीच भएको विवादबारे सहजीकरण सम्बन्धमा | मा. सदस्य आभा कुमारी |
| २७. | मधेश प्रदेशको जनकपुरधाम | मधेश प्रदेशका विभिन्न समस्याहरुको सम्बन्धमा मुख्यमन्त्रीसँग छलफल | मा. सदस्य जीवछ साह |

| | | | |
|---|---|---|---|
| २८. | प्रदेश १ | प्रदेश १ का मुख्यमन्त्रीसँग विभिन्न समस्याहरुको सम्बन्धमा छलफल | मा. सदस्य रेणु देवी साह |
| २९. | गण्डकी प्रदेश | मुख्यमन्त्रीसँग विविध विषयमा छलफल | मा. सदस्य आभा कुमारी |
| ३०. | कर्णाली प्रदेश | मा. प्रदेश प्रमुख, मुख्यमन्त्री र प्रमुखजिल्ला अधिकारीसँग छलफल | मा. सदस्य रेणु देवी साह |
| ३१. | वागमती प्रदेश | उप सभामुख, कृषि तथा सहकारी मन्त्री, कानुन तथा न्याय तथा संसदीय मामिला मन्त्री सँग छलफल | मा. सदस्य आभा कुमारी |
| ३२. | प्रदेश १ र मधेश प्रदेश | प्रदेश प्रमुख लगायत अन्य सरोकारवालासँग छलफल | मा. सदस्य जीवछ साह, मा. सदस्य रेणु देवी साह, मा. सदस्य विजय कुमार गुप्ता |
| ३३. | मधेश प्रदेश | प्रदेश प्रमुख र गृहमन्त्रीसँग छलफल | मा. सदस्य आभा कुमारी |
| ३४ | कर्णाली प्रदेश | माननीय प्रदेश प्रमुखसँग छलफल | मा. सदस्य रेणु देवी साह |

# अनुसूची - ५

## थर सूचीकरणको विवरण

**१.अग्रहरी**जातका थरहरू ;

अग्रहरी, गुप्ता, बनिया ।[1]

**२.अमात**जातका थरहरू ;

अमात, राय, राउत, मण्डल ।[2]

**३. ककैहिया** जातका थरहरू ;

राय ।[3]

**४. कथबनियाँ / सिन्दुरिया** जातका थरहरू ;

कथबनियाँ, कथबनिया, दास, चौधरी, सिन्दुरिया, बनियाँ, बनिया, बानिया, कैथल बैश्य, गुप्ता, श्रीवास्तव, सेनुरिया, कायस्थ ।[4]

---

[1]सिताराम अग्रहरीले २०७७ चैत्र १३ गते र अग्रहरी समाज सेवा समितिका पुर्व अध्यक्ष राजेन्द्र अग्रहरीले २०७८ पुष २२ गते फोन मार्फत उपलब्ध गराएका सूचना अनुसार ।

[2]विदेह नगरपालिका, धनुषाका अध्यक्ष बेचन दासले २०७७ चैत्र ११ गते उपलब्ध गराउनुभएका पत्रमा उल्लेखित सूचना र नेपाल अमात कल्याण समितिका अध्यक्ष मा. डा. रामचन्द्र राय (संविधान सभा सदस्य) सँग २०७७ पौष १३ गते फोन मार्फत भएको कुराकानी अनुसार ।

[3]नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना अनुसार ।

[4]नेपाल कथबनियाँ सेवा समाज, केन्द्रिय कार्यालय, राजबिराजका अध्यक्ष-निरंजन प्रसाद दासले २०७७ भदौ २८ गते उपलब्ध गराएका सूचना..., र बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोष कुमार महतोले २०७७ भदौ २४ गते उपलब्ध गराएका पत्रमा उल्लेख भएका सूचना अनुसार र संयुक्त मधेशी सेवा समाज, मकवानपुर हेटौडा-४ का अध्यक्ष- शुसिल प्रसाद सेनुरिया बनिया (गुड्डु)ले २०७६ माघ १४ गते पत्र मार्फत "मधेशी अन्तर्गतको जाति र थर सुचिकृत गरी पाउँ" भनी यस आयोगमा दिएका निवेदनमा उल्लेख भएका सूचनाका आधारमा र -बरियारपट्टी गाउँपालिकाका अध्यक्ष सन्तोष कुमार महतोले २०७७ भदौ २४ गते उपलब्ध गराएका पत्रमा उल्लेख भएका सूचना अनुसार ।

**५.कंसाकार (कसेरा)** जातका थरहरूः

कंसाकार।[५]

६.**कमर / कमार**[६] जातका थरहरूः

**७.कमलापुरी वैश्य-बनिया** जातका थरहरू ;

कमलापुरी बनिया, बानिया, साह, गुप्ता, गुप्त गौतम, सेन गौतम, राज किरण ।[७]

**८. करूवा** जातका थरहरू ;

करूवा, हास्दशीया, मुडयार, हेमरम, वेस्रा, गीनुवार, एदुकुवार, दुम्रीया, समटवार ।[८]

**९.कलर** जातका थरहरू ;

सरवरिया, विकाउ ।[९]

१०.**कलवार** जातका थरहरू ;

चौधरी, जयसवाल, शाह, साह, गुप्ता, प्रसाद, ब्याहुत, कलवार, भगत, कलाल, खरिदाहा, जैसार, कमलापुरी, वर्मा ।[१०]

---

[५]संयुक्त मधेशी सेवा समाज नेपाल, मकवानपुर हेटौडा-४ का अध्यक्ष- शुसिल प्रसाद सेनुरिया बनिया (गुड्डु) ले २०४६ माघ १४ गते यस मधेशी आयोगमा "मधेशी अन्तर्गतको जाति र थर सुचिकृत गरी पाउँ" भनी दिएको निवेदनमा उल्लेखित सूचना अनुसार ।

[६]नेपाल सरकार मन्त्रिपरिषद् द्वारा २०६५ माघ २१ गते सूचिकृत गरिएको र कान्तिपुर दैनिक पत्रिकामा २०६५ फागुन १४ गते "को-को हुन मधेशी- सरकारद्वारा ९२ जाति र समुदाय सूचिकृत" भन्ने शिर्षकमा प्रकाशित सूचनामा उल्लेख भएको एक जात ।

[७]कमलापुरी वैश्य समाज नेपाल, केन्द्रिय कार्यालय लाहान, सिराहाका अध्यक्ष-कन्हैया प्रसाद गुप्ताले २०७७ चैत २० गते पत्रमार्फत उपलब्ध गराएका सूचना अनुसार ।

[८]करूवा समाजको तर्फवाट खादरू करूवा र राजन करूवाले दशरथ खडिया डुङडुङ मार्फत २०७८ माघ ९ गते उपलब्ध गराएका सूचनाका आधारमा । उहाँहरूका अनुसार नेपालमा करूवा जातिको बसोवास मेचीनगर नगरपालिका, बिर्तामोड, झापामा रहेको छ । करूवा जातिका मानिसहरू सादरी भाषा बोल्ने गर्छन ।

[९]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना अनुसार ।

[१०]नेपाल कलवार कल्याण महासंघ, केन्द्रिय कार्यालय काठमांडौका महासचिव महेन्द्र चौधरीले २०७७ पौष २९ गते र नेपाल कलवार कल्याण समिति, केन्द्रिय कार्यालय-कुलेश्वर, काठमांडौका सचिव महेन्द्र चौधरीले २०७७ माघ ११ गते पत्र मार्फत उपलब्ध गराएका सूचना अनुसार ।

१९.**कलाल** जातका थरहरू ;

कलाल, साह, चौधरी ।[११]

१२.**कवर** जातका थरहरू ;

कवर, पिपर, कासी, जुहाडी, मुसा, हेर्ला, पथलचाटा, घाटवार, सिंगा, बाघवार।[१२]

१३.**कसौधन** जातका थरहरू ;

कसौधन, केसरवाल, केशवधन, कश्यप, वैश्य गुप्ता, बनियाँ, सर्राफ, कोरपाल, शाहा, चौधरी, अग्रवाल, कश्मीरवाल, कौल, खेर, खत्री ।[१३]

**१४.कमकड** जातका थरहरूः

कमकड, महतो, राउत, कहार, कहाँर ।[१४]

---

[११]विदेह नगरपालिका, धनुषाका अध्यक्ष बेचन दासले २०७७ भदौ ११ गते र बरियारपट्टी गाउँपालिकाका अध्यक्ष- सन्तेष कुमार महतोले २०७७ भदौ २४ गते पठाएको पत्रमा उल्लेखित सूचना अनुसार ।

[१२]नेपाल कवर उत्थान संघका प्रतिनिधि डिक कवर र सुजन कवरले २०७८ माघ ३ गते दशरथ खडिया मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँहरूका अनुसार नेपालमा कवर जातिको बसोवास झापा-जिल्ला, मेचीनगर नगरपालिकामा रहेको छ र जनसङ्ख्या ३१७ रहेको छ । कवर जातिका मानिसहरू सादरी भाषा बोल्ने गर्छन । सूचिकृत हुनवाट छुटेको एक जात ।यस मधेशी अयेगका मा. अध्यक्ष ज्यूले जिल्ला भ्रमणको क्रममा प्राप्त गर्नुभएको हो। झापा जिल्ला, मेचीनगर नगरपालिका र बुद्ध शान्ति गाउँपालिकामा पाइएको हो ।

[१३]मा. आदित्य नारायण कसौधनले २०७७ चैत २३ र २०७७ चैत २८ गते ई-मेल मार्फत व्यक्तिगतरूपमा उपलब्ध गराउनुभएको सूचना । उहाँरुपन्देही जिल्लावाट प्रतिनिधित्व गर्ने संविधान सभा सदस्य र कसौधन जातिका विज्ञ, जानकार, अगुवा हुनुहुन्छ ।

[१४]जगदीश राउत कमकडसँग २०७७ भदौ १८ गते र २०७८ पुष १२ गते र रामबचन कमकड सँग २०७८ पुष १५ गते फोनमा भएको कुराकानी मार्फत उपलब्ध गराउनुभएको सूचनाका आधारमा ।जगदीश राउत कमकड जिल्ला- पर्सा, पोखरिया नगरपालिका, वार्ड नं. ४, टोल, गाउँ- पोखरियाका र रामबचन कमकड पोखरिया नगरपालिका शिववर्वाका स्थायी बासिन्दा हुनुहुन्छ । वहाँहरूका अनुसार कमकड जाति नभई कहाँर जातिको थरकोरूपमा रहेको छ ।

**१५.कहार** जातका थरहरूः

कहार, कहाँर, महतो, राउत, कश्यप, गौड, राजबंशी, भर, राजभर, प्रजापती, गौड, कश्यप ।[१५]

**१६.कानु** जातका थरहरूः

कानु, गुप्ता, साह, शाह, साव, साहु, गुप्त, कांदु, कन्दन, कन्दोई, कान्यकुंज, कनौजिया, हलुवाई, गोढ़, मोदक, मोदनवल, भारती, मगहिया, बरभुज, मध्यदेशीय, मदेशीया, विध्यार्थी, सेठ, प्रसाद, बनिया, कन्डोली, काटारी, शेट्टी, मोदाक, माहाजन, मजगइया, मध्यदेशीया, भुंज ।[१६]

**१७.कायस्थ** जातका थरहरूः

कर्ण, कण्ठ, कंठ, कायस्थ, कायस्त, चौधरी, दत्त, दत्ता, दास, निधि, मल्लिक, लाल, लाभ, वर्मा, श्रीवास्तव, प्रसाद, सिन्हा, अम्बष्ट, सहाय, कुलश्रेष्ठ, निगम, सक्सेना, शरण, माथुर, अस्थाना, गौर, नागर, घोष, सेन, सरकार, बिश्वास, गुहा, डे, नाग, नाथ, नन्दी, धर, मित्र, मित्रा, कर, बोस, बसु, भद्र, भद्रा, वाइतोष ।[१७]

---

[१५]पाल्हीनन्दन गाउँपालिका, नवलपरासीका अध्यक्ष- बैजु प्रसाद गुप्ता ले २०७७ चैत १० गते र नरैनापुर गाउँपालिका, बाँके का अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते पत्र मार्फत उपलब्ध गराएका सूचना-तथ्याङ्क...., र

-सुरेश महतो कहारसँग २०७७ फागुन ११ गते र २०७८ पुष १३ गते फोन मार्फत भएको कुराकानीका आधारमा ।

सुरेश महतो कहार बारा जिल्ला कचोरवा गाउँका स्थायी बासिन्दा हुनुहुन्छ । उहाँका अनुसार राजबंशी थर मोरङ जिल्लाको दादर बैरियामा पाईएको छ, पेशाको हिसाबले कहार जाति सँग मिल्दो जुल्दो छ ।

[१६]संयुक्त मधेशी सेवा समाज नेपाल, मकवानपुर हेटौडा-४ का अध्यक्ष शुसिल प्रसाद सेनुरिया बनिया ले २०७६ माघ १४ गते..., कानु हलुवाई कान्दु मध्यदेशीय समाज नेपालका अध्यक्ष- आर. बी. साह ले २०७७ चैत्र १९ गते उपलब्ध गराएका सूचना...,

-कानु समाज नेपाल, केन्द्रीय कार्यालय वीरगंजका ब. उपाध्यक्ष-रामसागर साह ले २०७७ चैत्र ३० गते पत्र मार्फत उपलब्ध गराएका सूचना..., र

-प्रकाश कुमार साहले २०७७ चैत १७ गते व्यक्तिगत रूपमा अनुसन्धान गरी उपलब्ध गराएका सूचनाका आधारमा ।

[१७]नेपाल चित्रगुप्त समाजका अध्यक्ष, शिवभुषण लाल ले २०७७ मंसिर १८ गते यस मधेशी आयोगले आयोजना गरेको थर-सूचिकरण सम्बन्धी वैठक-छलफलमा उपलब्ध गराएका सूचना....,

-मिसन २ करोड चित्रान्शका अध्यक्ष अनिल कर्णले २०७७ चैत महिनामा मधेशी आयोगसँगको छलफलमा उपलब्ध गराएका सूचना....र

**१८.किसान** जातका थरहरू:

किसान, तेलिया, सेन्दरिया ।[१८]

१९. **कुम्हार/कोहार** जातिका थरहरू:

पंडित, पडित, प्रजापती, कुम्हाल, कुम्हार, पण्डित, कुम्हाले, कुम्मकार, कोहार, कोंहार, वर्मा, चक्रधारी, चक्रवर्ती, पाल ।[१९]

**२०.कुमाल**[२०]जातका थरहरू:

**२१. कुर्मी** जातको थरहरू:

कुर्मी, पटेल, राय, राउत, सिंह, सिन्हा, वर्मा, चौधरी, महतो, जयसवार, जयसवाल, कैराती ।[२१]

**२२.कुरीन / कुलीन**[२२]जात:

---

-नेपाल चित्रगुप्त समाज, केन्द्रिय समिति काठमांडौका वर्तमान अध्यक्ष- रतीश चन्द्र लाल सुमनले २०७८ फागुन ८ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।पत्र अनुसार कायस्थ जातिमा कसै कसैलेबच्चन, सुमन, आजाद, कुमार उपनामको रूपमा लेख्ने चलन रहेको छ ।

[१८]किसान समुदाय विकास प्रतिष्ठानका अध्यक्ष भीम किसान ले २०७७ फागुन १७ गते फोन मार्फत उपलब्ध गराएका सूचना अनुसार ।

[१९]नेपाल प्रजापति (कुम्भकार) संघ, केन्द्रिय कार्य समिति, जनकपुरधाम, धनुषाका राष्ट्रिय अध्यक्ष — रामानन्द पण्डितले २०७७ फागुन २८ गते पत्र मार्फत उपलब्ध गराएका सूचना... र

-नेपाल कुम्हार समाजका अध्यक्ष सिताराम पंडितले २०७७ सालमा थर सूचिकरण सम्बन्धी यस मधेशी आयोगको वैठकमा उपलब्ध गराएका सूचनाका आधारमा । भोजपुरी र अवधी भाषा बोलिने क्षेत्रमा कुम्हार जाति लाई कोंहार भनी सम्बोधन गर्ने चलन रहेको छ । रामानन्द पण्डितसँग २०७८ पुस २२ गते फोनमा भएको कुराकानी अनुसार "पाल" थर थपिएको हो ।

[२०]नेपाल सरकार मन्त्रिपरिषद् द्वारा २०६५ माघ २१ गते सूचिकृत गरिएको र कान्तिपुर दैनिक पत्रिकामा २०६५ फागुन १४ गते "को-को हुन मधेशी- सरकारद्वारा ९२ जाति र समुदाय सूचिकृत" भन्ने शिर्षकमा प्रकाशित सूचनामा उल्लेख भएको एक जात ।

[२१]कुर्मी सशक्तिकरण मञ्च, केन्द्रिय कार्यालय बुद्धनगर नयाँबानेश्वर काठमांडौका अध्यक्ष- सनन्दन प्रसाद कुर्मीले २०७७ चैत ४ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[२२]निषाद मल्लाह समाज, बिराटनगरका अध्यक्ष- प्रीतम मुखिया निषाद मार्फत प्राप्त भएको जात ।

**२३. कलाबञ्जर / कलाबाज**[२३]जातका थरहरूः (थर प्राप्तहुन बाकी रहेको)

**२४.कुश्मा**[२४]जातः

**२५.कुसुण्डा** जातका थरहरूः

सेन, शाही, सिंह ।[२५]

**२६.कुश्वाडिया** जातका थरहरूः

पथरकट्टा, शिलकट, कुशवदिया, कुचवदिया, थबई ।[२६]

**२७.केवट** जातका थरहरूः

केवट, केउट, कामैत, कामत, कामती, कापड, कापर, कापडी, कापैड, कैवर्थ, खवास, डरेदार, भण्डारी, भुषण, व्यास, बर्मा, मण्डल, चौधरी, शर्मा, विश्वास, महतो, जमदार, मरर, मंडल, ईशर, अधिकारी, निषाद ।[२७]

---

[२३]सूचिकृत हुनवाट छुटेको एक जात । कौशल कुमार सिंह द्वारा लिखित "संघर्षमा पिछडा वर्ग" को (पृ. ५) मा उल्लेख भएअनुसार । उनका अनुसार नेपालगँजमा पाइएको हो...र निषाद मल्लाह समाज, बिराटनगरका अध्यक्ष- प्रीतम मुखिया निषाद मार्फत प्राप्त भएको जात ।

[२४]नेपाल सरकार मन्त्रिपरिषद् द्वारा २०६५ माघ २१ गते सूचिकृत गरिएको र कान्तिपुर दैनिक पत्रिकामा २०६५ फागुन १५ गते "को-को हुन मधेशी- सरकारद्वारा ९२ जाति र समुदाय सूचिकृत" भन्ने शिर्षकमा प्रकाशित सूचनामा उल्लेख भएको एक जात ।

[२५]नेपाल कुसुण्डा विकास समाजका अध्यक्ष- धन बहादुर कुसुण्डाले २०७७ चैत १५ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[२६]कुचवदिया उत्थान संघका अध्यक्ष- राजु कुचवदिया सँग २०७७ माघ २७ गते फोन मार्फत भएको कुराकानिवाट प्राप्त सूचनाका आधारमा । उहाँ जिल्ला- नवलपरासी, विनयीत्रीवेणी- गाउँपालिका, वार्ड नं. — २, गाउँ टोल- जेनरे का स्थायी बासिन्दा हुनुहुन्छ।

[२७]सुरेश केंवट निषाद (लाहान नगरपालीका वार्ड नं. ३) ले निषाद उत्थान केन्द्रको केन्द्रिय महासचिव ध्रुपलाल सहनी निषाद मार्फत २०७७ फागुन १७ गते उपलब्ध गराएका सूचना,

-विदेह नगरपालिका धनुषाका अध्यक्ष- बेचन दासले २०७७ चैत ११ गते पत्र मार्फत उपलब्ध गराएका तथ्याङ्क...,

**२८. केवरत** जातको थरहरूः

केवरत, दास ।[२८]

२९. **केशरी** जातका थरहरूः

केशरी, केसरी, केशरवानी, बनिया, साह, प्रसाद ।[२९]

**३०. कोईरी-कुशवाहा** जातका थरहरूः

कोइरी, कुशवाहा, महतो, सिंह, आर्य, सिंहा, मोर्य, वर्मा, भगत, महत, मुराउ, चौधरी, मेहता।[३०]

३१.**कोचे**[३१] जातः

---

-नेपाल निषाद मल्लाह समाज केन्द्रिय कार्यालय बिराटनगरका अध्यक्ष- प्रितम मुखियाले २०७७ चैत ३० गते पत्र मार्फत उपलब्ध गराएका सूचना... र

-केवट कल्याण समाज, सिराहा- नेपालका स.स.स. मागैन कामैतले २०७८ फागुन २१ गते पत्रमार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[२८]चतुर्भूज केवरतले २०७७ फागुन ९ गते फोनमा भएको कुराकानी मार्फत उपलब्ध गराएका सूचनाका आधारमा।उहाँ मोरङ जिल्ला, सुनबर्शी नगरपालिका, वार्ड नं. ६, का स्थायी बासिन्दा हुनुहुन्छ  र केवरत जातिका विज्ञ जानकार र अगुवाका साथै पाटन संयुक्त क्याम्पस, ललितपुरमा नेपाली विषयका उपप्रध्यापक हुनुहुन्छ । ।

[२९]संयुक्त मधेशी सेवा समाज, मकवानपुर हेठौंडा — ४ का अध्यक्ष- शुसिल प्रसाद सेनुरिया बनिया (गुड्डु)ले २०७६ माघ १४ गते पत्र मार्फत "मधेशी अन्तर्गतको जाति र थर सुचिकृत गरी पाउँ" भनी यस आयोगमा दिएका निवेदनमा उल्लेख भएका सूचना..., र

-केशरी कल्याण समाज नेपाल, शान्तिनगर काठमांडौ का अध्यक्ष- मदन प्रसाद केशरी ले २०७८ फागुन ४ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[३०]नेपाल कुशवाहा कल्याण समाज, केन्द्रिय समिति, काठमांडौका अध्यक्ष- तपेश्वर महतो एवं राकेश मेहता र सचिव बीरेन्द्र कुमार मेहताले २०७६ पुष २४ गते  र बेलौरी नगरपालिका कंचनपुरले २०७७ फागुन २८ गते यस आयोगमा पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[३१]नेपाल सरकार मन्त्रिपरिषद्द्वारा २०६५ माघ २१ गते सूचिकृत गरिएको र कान्तिपुर दैनिक पत्रिकामा २०६५ फागुन १४ गते "को-को हुन मधेशी" सरकारद्वारा ९२ जाति र समुदाय सूचिकृत" भन्ने शिर्षकमा प्रकाशित सूचनामा उल्लेख भएको एक जात ।

३२.**कोरी** जातका थरहरू:

कुरील, भारती, गौतम, कोरी, शाक्यवर, जैसवार, शङ्कवर, माहुरे ।[३२]

३३.**कोल/कौल** जातका थरहरू:

कोल, चोल, कोली, लोध, लोधा, लोधी नाविक, घाटवार, रैकवार, बहरदार, मण्डल निषाद ।[३३]

३४. **खटिक** जातका थरहरू:

कोली, सोनकर ।[३४]

३५. **खडिया** जातका थरहरू:

खडिया, डुङडुङ, बिलुङ्, टेटे, सोरेङ, कुल्ल, केरकेटा, बा, किड़ो, ठिटियो ।[३५]

३६.**खत्वे** जातका थरहरू:

मण्डल, खगं, शर्मा, धानुक, बेल्दार, खत्वे, कहार ।[३६]

---

[३२]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना... र दीपक चौधरी द्वारा लिखित "नेपालको मधेशी समुदाय" (२०७१) को पृष्ठ-१२२ मा उल्लेख भए अनुसार ।

[३३]निषाद उत्थान केन्द्रका महासचिव धुपलाल सहनी (निषाद)ले २०७७ फागुन १७ गते यस मधेशी आयोगमा आएर र नेपाल निषाद मल्लाह समाज केन्द्रिय कार्यालय बिराटनगरका अध्यक्ष- प्रितम मुखियाले २०७७ चैत ३० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[३४]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना अनुसार...,
-र नरैनापुर गाउँपालिका, बाँके का अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते पत्र मार्फत उपलब्ध गराएका सूचना-तथ्याङ्कका आधारमा ।

[३५]नेपाल खडिया उत्थान समाज, मेचीनगर नगरपालीका, झापा का अध्यक्ष- दशरथ खडिया डुङडुङ ले २०७८ माघ ३ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ मेचीनगर नगरपालीका वार्ड नं. ८ टोल/गाउँ खडिया बस्तीका स्थायी बासिन्दा हुनुहुन्छ । उहाँका अनुसार नेपालमा खडिया जातिको बसोबास झापा र मोरङ जिल्लामा रहेको छ । २०५८ सालको जनगणना अनुसार नेपालमा खडिया भाषीको जनसख्या १५७५ रहेको छ ।

[३६]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना... र विदेह नगरपालिका धनुषा का अध्यक्ष- बेचन दासले २०७७ चैत ११ गते पत्र मार्फत उपलब्ध गराएका तथ्याङ्कका आधारमा ।

३७. **खुलवट/खुनोट** जातका थरहरूः

मुखिया, निषाद ।[३७]

३८.**खवास**[३८] जातका थरः

३९.**गडेडीया** जातका थरहरूः

गडेडीया, पाल, गडेडी, भेडीहर, राउत, भगत ।[३९]

४०.**गनगाई** जातका थरहरूः

गनगाई, गणेश, मण्डल, सिंह, गच्छेदार, चौधरी, विश्वास, सरदार, करदार, गच्चछदार, खाँ, मडर, महथु, पाल, सर्मा, शर्मा, कुमार, कुमारी, देव, प्रसाद ।[४०]

४१.**गवाल/गोवाल/गवाला**[४१] जातः

४२.**गोंड** जातका थरहरूः

गोंड, साह ।[४२]

---

[३७]नेपाल निषाद मल्लाह समाज केन्द्रिय कार्यालय बिराटनगरका अध्यक्ष- प्रितम मुखियाले २०७७ चैत ३० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[३८]दीपक चौधरीद्वारा लिखित "नेपालको मधेशी समाज" किताबको पृष्ठ-१४८ मा उल्लेख भएअनुसार ।

[३९]ईश्वर चन्द्र पालसँग २०७८ पुष ३० गते फोनमार्फत भएको कुराकानीको आधारमा । उहाँ कृष्णनगर नगरपालिका, वार्ड नं.-६ टोल/गाउँ- कर्मा , कपिलबस्तु जिल्लाका स्थायी बासिन्दा हुनुहुन्छ र गडेडी जातिका विज्ञ / जानकार / अगुवा हुनुहुन्छ । र नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते पत्र मार्फत उपलब्ध गराएका सूचना-तथ्याङ्क अनुसार । र बुद्धराम पालसँग २०७७ माघ ११ गते कुपण्डोल, ललितपुरमा भएको कुराकानीका आधारमा ।

[४०]बिनोद गनगाईले २०७८ माई ९ गते फेसबुक र फोनमा भएको कुराकानी मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ मोरङ जिल्ला, सुनवर्शी नगरपालिका वार्ड नं. १, गाउँ/टोल- कालाबजारका स्थायी बासिन्दा हुनुहुन्छ..., र

-सारिका मण्डलले २०७८ फागुन ९ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ "आदिवासी जनजाति गन्गाई जातिको संस्कार" किताबको लेखिका हुनुहुन्छ ।

[४१]सूचिकृत हुनवाट छुटेको एक जात । झापा जिल्ला मेचीनगर नगरपालिका र बुद्धशान्ती गाउँपालीकामा पाइएको हो।

[४२]देवनारायन साह गोंडले २०७८ फागुन ९ गते रामेश्वर प्रसाद साह गोलदार मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ जिल्ला- पर्सा, पटेर्वा सुगौली गाउँपालिका, वार्ड नं.- ५ का स्थायी वासिन्दा हुनुहुन्छ ।

४३.**गौड़**[४३] जातः

**४४.गोडीया** जातका थरहरूः

गोडिया, साहनी, चाई, कहार, खैराहा, मल्लाह, निषाद ।[४४]

४५.**गोढ़ी** जातका थरहरूः

साहनी, सहनी, सहानी, बहरदार, मल्लाह, निषाद ।[४५]

४६.**चमार/हरिजन** जातका थरहरूः

राम, मोची, हरिजन, रविदास, रैदास, महरा, चमार, रामदसिया, रोहिदास, गौतम, भारती ।[४६]

४७.**चनउ / चनौ** जातका थरहरूः

प्रसाद, चनौ, चनउ, प्रसाद चनौ, प्रसाद चन्द्रवंशी, चन्द्रवंशी, सिंह, शाही, राय, सिंह चनौ, सिन्हा, प्रसाद सिन्हा, राय, प्रसाद सिंह ।[४७]

---

[४३]यस थरसूचिकरण अध्ययन परियोजनाका विज्ञ समुह सदश्य- बिक्रममणी त्रिपाठी मार्फत प्राप्तभएको सूचिकृतहुनवाट छुटेको एक जात ।

[४४]नेपाल गोंडिया (निषाद) संघका अध्यक्ष- मुरली गोंडिया (निषाद)ले ध्रुपलाल सहनी मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ बर्दिया- जिल्ला गुलरिया नगरपालिका वार्ड नं. ७ का स्थायी बासिन्दा हुनुहुन्छ । र -नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०८८ फागुन २१ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा

[४५]निषाद उत्थान केन्द्रका महासचिव- ध्रुपलाल प्रसाद सहनी निषादले २०७७ फागुन १७गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[४६]-नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना..., -विदेह नगरपालिका, धनुषाका अध्यक्ष- बेचन दासले २०७७ भदौ ११ गते..., पालहीनन्दन गाउँपालिका, नवलपरासीका अध्यक्ष- बैजु प्रसाद गुप्ताले २०७७ चैत १० गते... र नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते उपलब्ध गराएका सूचनाका आधारमा ।

[४७]डा. रामस्वरूप सिन्हाले २०७७ चैत ३० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ ईशनाथ नगरपालिका बार्ड नं. ४, गाउँ टोल- महुलिया, जिल्ला- रौतहटका स्थायी बासिन्दा हुनुहुन्छ र चनउ/चनौ जातिका विज्ञ जानकार र अगुवा हुनुहुन्छ ।

४८. **चांय / चायभ / चाई** जातका थरहरूः

चाइ, चाई, चौधरी, निषाद ।[४८]

४९. **चिडीमार** जातका थरहरूः

सरनेरिया, सरनरिया, करौरीया, नट, बखु, यादव ।[४९]

५०.**चौहान** जातका थरहरूः

चौहान, प्रसाद, महतो, चाई, चौधरी ।[५०]

५१.**झाँगड / धाँगड (उँराव)** जातका थरहरूः

उराँव,झाँगड, धाँगड,केरकेट्टा, ख़ल्खो, ख़ाख़ा, ख़ेस्स, कुँजुर, टोप्पो, तिर्की, तिंग्गा, मिन्ज, एक्का, बरला, बरवा, इन्दवर, लक्ड़ा, बेक, धान्व़र, बाधवर, कच्छप, किन्डो, किस्पोट्ता, कन्डा, कोक्रो, गड्डी, खोया, चेरमारको, डडेल, निया, पन्ना, बकुला, बड़ा, बन्डा,भगत, बिन्को, मुन्जनी, रुन्डा, लिन्डा, सोन, महतो,गिधही, कन्हार, बख़ला, चेलेक्चेला, धेचुवा, चितखा, अम्डी, मिङ्गी, किस्स, ख़ोचोल, कस्प, कुहु ।[५१]

५२.**ठठेर** जातका थरहरूः

ठठेर, ठठेरा, कसेरा, तमेरा, कौशल,कौषल, तिलाय, सोराज ।[५२]

---

[४८]निषाद उत्थान केन्द्र कपिलबस्तु शाखाका उपाध्यक्ष- पारस प्रसाद केवटले २०७७ फागुन १७ गते ध्रुपलाल सहनी निषाद मार्फत र नेपाल निषाद मल्लाह समाज केन्द्रिय कार्यालय बिराटनगरका अध्यक्ष- प्रितम मुखियाले २०७७ चैत ३० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[४९]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचनाका आधारमा ।

[५०]चौहान सेवा समाजका केन्द्रिय सदस्य- दिनेश चौहानसँग २०७७ चैत ९ गते फोनमार्फत भएको कुराकानीका आधारमा । उहाँ पोखरिया नगरपालिका वार्ड नं. १ गाउँ/टोल- बनकटवाका स्थायी बासिन्दा हुनुहुन्छ ।

[५१]नेपाल उराँव आदिवासी जनजाति प्रतिष्ठानका अध्यक्ष बेचन उराँवले २०७७ चैत्र ८ गते पत्र मार्फत उपलब्ध गराएका सूचना अनुसार ।पत्र अनुसार, उराँव जातिमा थरको स्थानमा जातकोनामउराँउ, झाँगड, धाँगड लेख्ने-लेखाउने चलन रहेको छ ।

[५२]राहुल कौषल ले २०७८ फागुन ७ गते गते फोनमा कुराकानी मार्फत उपलब्ध गराएका सूचनाका आधारमा। उहाँ जिल्ला बाँके, नेपालगंज उपमाहानगरपालिका, वार्ड नं.- ३, गाउँ/टोल- इकलैनी का स्थायी वासिन्दा हुनुहुन्छ ....., र

५३.**डोम** जातका थरहरूः

डोम, मरिक, मलिक, मल्लि, महिल, गुसराम

५४.**ढाँडी**[५४] जातः

५५.**तत्मा** जातका थरहरूः

तत्मा, ताँती, दास, मण्डल, महरा, पात, बनौजीया ।[५५]

५६.**तमोली**[५६] जातका थरहरूः

तमोली

५७.**ताजपुरिया** जातका थरहरूः

ताजपुरिया ।[५७]

५८.**तीयर**[५८] जातः

---

-मा. सुनिता ठठेर र सुरज कौशलले २०७८ फागुन ९ गते फोनमा कुराकानी मार्फत उपलब्ध गराएका सूचना का आधारमा । वहाँहरू जिल्ला-रूपन्देही, तिलोतमा नगरपालिका, गाउँ/टोल- सखुवानीका स्थायी वासिन्दा हुनुहुन्छ ।

[५३] नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमाडौंले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचनामा मधेशी समुदाय अन्तरगत पर्ने एक जात र थरहरू ।

[५४]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचनामा मधेशी समुदाय अन्तरगत पर्ने एक जात ।

[५५]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचनाका आधारमा ।

[५६]नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते पत्र मार्फत उपलब्ध गराएका सूचनामा उल्लेख भएका एक जात । र मिति २०७७ भदौ २९ गते यस मधेशी आयोगले आयोजना गरेको थर सूचिकरण सम्बन्धी छलफल-बैठकमा वैश्य युवा संघ मार्फत प्राप्त भएको सूचिकृत हुनवाट छुटेको एक जात ।

[५७]तेजेन्द्र ताजपुरियासँग २०७८ माघ १० गते फोनमा भएको कुराकानीका आधारमा ।

[५८]निषाद मल्लाह समाज, बिराटनगरका अध्यक्ष- प्रितम मुखियाले यपलब्ध गराउनुभएका एक जात ।

५९.**तुराहा** जातका थरहरू:

शाह, साह, तुराहा ।[५९]

६०.**तेली** जातका थरहरू:

साह, शाह, तेली, साहु, साहू, गुप्ता, गुप्त, नायक, प्रसाद, चौधरी, सेठ ।[६०]

६१.**दनुवार** जातका थरहरू:

दनुवार, सिंह, राय, ठाकुर, कुमर, कुँवर, धामी, चौधरी, खाँ, अधिकारी, राई, बहादुर, माझी, खप्तरी, महतो, फनेत, थारू, गौरूङ ।[६१]

६२. **दशनामी सन्यासी/योगी** जातका थरहरू:

गिरी, पुरी, भारती, वन, पर्वत, सागर, सरस्वती, आश्रम, आरण्य, तीर्थ, अतिथी, गोसाईं, योगी, सन्याशी ।[६२]

६३.**दुसाध/पासवान** जातका थरहरू:

पासवान, हजरा, हजारा, हाजरा, दुसाद, हजारी, पासमान, पासवान, राम, दास प्रीयदर्शी ।[६३]

---

[५९]बिरगुन शाह तुराहा ले २०७८ फागुन ९ गते रामेश्वर प्रसाद साह गोलदार मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ जिल्ला- पर्सा, पटेर्वा सुगौली गाउँपालिका, वार्ड नं.- ५ का स्थायी वासिन्दा हुनुहुन्छ ।

[६०]तेली समाज कल्याण नेपाल का अध्यक्ष- शैलेन्द्र साहले २०७७ चैत २८ गते पत्र मार्फत उपलब्ध गराएका सूचना...,विदेह नगरपालिका, धनुषाका अध्यक्ष- बेचन दासले २०७७ भदौ ११ गते पत्र मार्फत उपलब्ध गराएका सूचना...,पालहीनन्दन गाउँपालिका, नवलपरासीका अध्यक्ष- बैजु प्रसाद गुप्ताले २०७७ चैत १० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा..., र-डा. चन्देश्वर साह द्वारा लिखित "तेली जातिका अतित ओर वर्तमान" किताबको (पृष्ट-९) मा उल्लेख भए अनुसार ।

[६१]नेपाल दनुवार विद्यार्थी मञ्च का केन्द्रिय अध्यक्ष- जितेन्द्र कुमार सिंह दनुवार ले २०७८ बैशाख २९ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[६२]दशनामी समाज, पर्साका सचिव- बिनोद गिरीले २०७७ चैत ३१ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । र उहाँसँग २०७८ माघ १७ गते फोन मार्फत भएको कुराकानीका आधारमा ।

[६३]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना...,

-विदेह नगरपालिका, धनुषाका अध्यक्ष- बेचन दासले २०७७ भदौ ११ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा..., र

६४. **दोसर वैश्य (गोलदार)** जातका थरहरूः

गुप्ता, प्रसाद, साह, गोल्दार, दोसर वैश्य ।[६४]

६५.**दरै**[६५] जातः

६६.**देव** जातका थरहरूः

देव, चौधरी ।[६६]

**६७.धानुक** जातका थरहरूः

मण्डल, महतो, सदा, चौधरी, गराइन, नेपाली, कापर, निराला ।[६७]

६८.**धाम** जातका थरहरूः

करोरी ।[६८]

६९.**धरिकार / धन्कार** जातिका थरहरूः

धनिकार, धरिकार, धन्कार ।[६९]

---

- दीपक चौधरी द्वारा लिखित "नेपालको मधेशी समुदाय" (२०७१) किताबको (पृष्ठ १२२) मा उल्लेख गरिए अनुसार ।

[६४]नेपाल दोसर वैश्य (गोल्दार) समाज का संयोजक- सुरेश गुप्तासँग २०७७ चैत ८ गते फोन मार्फत भएको कुराकानीका आधारमा ।

[६५]नेपाल सरकार मन्त्रिपरिषद्द्वारा २०६५ माघ २१ गते सूचिकृत गरिएको र कान्तिपुर दैनिक पत्रिकामा २०६५ फागुन १४ गते "को-को हुन मधेशी- सरकारद्वारा ९२ जाति र समुदाय सूचिकृत" भन्ने शिर्षकमा प्रकाशित सूचनामा उल्लेख भएको एक जात ।

[६६]संयोग देवले २०७७ चैत ३० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ सामाजिक अभियन्ता हुनुहुन्छ र राजविराज नगरपालिका वार्ड नं. १६, गाउँ-टोल- बयरियाका स्थायी वासिन्दा हुनुहुन्छ । -देव समाजका अध्यक्ष- राकेश देवले २०७७ फागुन २७ गते.... र देव सेवा समितिका अध्यक्ष- ध्रुव देवले २०७८ पुस २२ गते फोनमा कुराभए मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[६७]नेपाल धानुक समाजका अध्यक्ष- रामावली मण्डलले २०७८ साल असोज महिनामा मधेशी आयोगले आयोजना गरेको थर सूचिकरण सम्बन्धी वैठकमा उपलब्ध गराएका सूचनाका आधारमा ।

[६८]बरियारपट्टी गाउँपालिका का अध्यक्ष- सन्तोष कुमार मेहताले २०७७ चैत २६ गते पत्र मार्फत उपलब्ध गराएको सूचनाका आधारमा ।

[६९]पालहीनन्दन गाउँपालिका, नवलपरासीका अध्यक्ष- बैजु प्रसाद गुप्ताले २०७७ चैत १० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

७०.**धिमर/धीवर**[७०] जातः

७१.**धिमाल** जातका थरहरूः

धिमाल, लातेर, तेङ्गमाली, माखिम, चार्ल्स तेङ्गमाली, तेल्मा तेङ्गमाली, बाङमाली, चोइमाली, थारू, कान्तिला, राज थारू, राथूम, राजथूम, बंगलाइती, जोङलाइती, बोङलाइती, जोगी, लेम्बाङ्ग, तालिपा, दुधे तालिपा, शुद्ध तालिपा, तेघ्रे, तेघेर्हा, ओघोन्या, दोङ्गे, दीङ, हर्दिया, नुनिया, राथुम, कासेर, राजदीङ, दीङदोङ्गे, राजदोङ्गे, सिमलदाङ्गे, लक्ष्मी दोङ्गे, नुनिया दोङ्गे, हर्दिया दोङ्गे, ।[७१]

७२.**धुनिया** जातका थरहरूः

धुनिया ।[७२]

७३.**धोवी** जातका थरहरूः

रजक, पथिक, कनौजिया, आर्या, पत्थरकट्टा, मगता, माहुत, कुशवडिया, मंगी, वाल्मिकी, शाकी, रमन, धोवी, साफी, वैठ्ठा, निर्मलकार, रत्ना, बेठा, बैठा, मेहता, मधैया, आर्य, मधेसीया, मधेशीया, दास, कनेजिया, धोवी, रमन, रमण, राउत, माझी, धवल, सम्धी, एसर, राजधोव, चौधरी, महता, माझी, विमल ।[७३]

---

[७०]निषाद मल्लाह समाज, बिराटनगरका अध्यक्ष- प्रीतम मुखियाले २०७८ फागुन १९ गते उपलब्ध गराउनुभएको एक जात ।

[७१]सोम धिमालद्वारा लिखित "धिमाल जातिको चिनारी (२०६८)" किताबको पृष्ठ ७७ मा उल्लेख भए अनुसार..., र

-दिल कुमार धिमालद्वारा २०७३ बैशाख ७ गते "धिमाल जातिको उत्पति तथा थर विभाजन" नामले धिमाल डट कम मा प्रकाशित लेखमा उल्लेख भए अनुसार ।

[७२]विदेह नगरपालिका, धनुषाका अध्यक्ष- बेचन दासले २०७७ भदौ ११ गते पत्र मार्फत उपलब्ध गराएका सूचना का आधारमा ।

[७३]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचना..., र

- नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते उपलब्ध गराएका सूचनाका आधारमा ।

७४.**नटुवा / नेटुवा** जातका थरहरूः

राय, राठौर ।[७४]

७५.**नायर** जातका थरहरूः

नायर ।[७५]

७६.**नुनिया/नोनिया/लोनिया** जातका थरहरूः

नुनिया, नोनिया, लोनिया, महतो, सहनी, मल्लाह, तुराहा, तुरैया, निषाद ।[७६]

७७.**नुराङ्ग**[७७] जातः

७८.**पञ्जावी / सिन्धी**[७८] जातिः

७९.**पटवा (पटनवार)** जातका थरहरूः

दास, पटेल ।[७९]

८०.**पटहार / पटहेरा** जातका थरहरूः

पटवा, लहेरा, लहेरी, पटहार, पटहेरा, बकेली ।[८०]

---

[७४]इन्दल राठौरले २०७८ फागुन ९ गते रामेश्वर प्रसाद साह गोलदार मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ जिल्ला- पर्सा, पटेर्वा सुगौली गाउँपालिका, वार्ड नं.- ५ का स्थायी वासिन्दा हुनुहुन्छ ।

[७५]अशोक कुमार नायरले २०७८ फागुन २४ गते फोन मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँ मोरङ जिल्ला बिराटनगर माहानगरपालिका वार्ड नं. ३ का स्थायी वासिन्दा हुनुहुन्छ ।

[७६]निषाद उत्थान केन्द्र, शाखा- रौतहट जिल्ला सदस्यले ध्रुपलाल सहनी नषाद मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । र नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा एक जात । साथै गैडहवा गाउँपालिका, रूपन्देहीको तर्फवाट २०७७ अषाढ ३१ गते पत्र मार्फत प्राप्त भएको सूचनामा उल्लेख भएको एक जात ।

[७७]लीन बेनेट, डिल्लीरमन दाहाल र पाभ गोविन्दासामी द्वारा (सेप्टेम्बर २००८) मा लिखित काष्ट, इथनिक, एण्ड रिजनल आइडेन्टिटी इन नेपालः फरदर एनालाइसिस आफ द २००६ नेपाल डेमोग्रवफीक एण्ड हेल्थ सर्भे को पृष्ठ, ३ मा उल्लेख भएअनुसार ।

[७८]२०७८ फागुन महिनामा विज्ञ समुह र आयोगसँग भएको यस थर सूचिकरण सम्बन्धी छलफलमा प्राप्त भएका सुझाव अनुसार राखिएको हो । गहिरो अध्ययन र अनुसंधान आवश्यक छ ।

[७९]पालहीनन्दन गाउँपालिका, नवलपरासीका अध्यक्ष- बैजु प्रसाद गुप्ताले २०७७ चैत १० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[८०]पालहीनन्दन गाउँपालिकाका अध्यक्ष- बैजु प्रसाद साहले २०७७ चैत १०गते पत्र मार्फत उपलब्ध गराएका सूचनाकाआधारमा । पटहार नाम विज्ञ-समुह सदश्य बिक्रममणी त्रीपाठीले उपलब्ध गराउनुभएको हो ।

८१.**पवँरिया**[८१] जातः

८२.**पासी** जातिका थरहरूः

सूर्या, महतो, चौधरी, गौतम, तरसुहिया ।[८२]

८३.**पाहान** जातका थरहरूः

पाहान, रजपोत, कछुवा, बेमता, दिरूवार, हेमरन, तमडिया, कौडिया, कवा, छुपवार, सवर, तिर्खी ।[८३]

८४.**पोद्दार** जातका थरहरूः

पोद्दार, देव, परागर, बैश्य, चौधरी ।[८४]

८५.**पोरवाल**[८५] जातः

८६.**बँसखोर / बँसफोर**[८६] जातः

---

आइमाईहरूकालागि श्रीङ्गारका सामानहरू गाउँ, बस्ती, टोलमा गएर बेच्नेकाम गर्ने एक जात । बीरगंज माहानगरपालिका, अलौं पर्सामा बसोबास रहेको छ ।

[८१]नयाँ बच्चाको जन्म भएपछि उक्त बच्चाको घरमा समुहमा आएर नाचगानगरी बधाई एवं सुभकामनादिनेकाम गर्ने एक जात ।

[८२]नेपाल सरकार तत्कालिन सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार काठमांडौले २०७४ बैशाख १७ गते "दलित समुदायको प्रतिनिधित्व सम्बन्धमा" जारी गरेको सूचनाका आधारमा ।

[८३]पुर्ण पाहान र अनिल पाहानले २०७८ माघ ३ गते दशरथ खडिया डुङडुङ मार्फत उपलब्ध गराएका सूचनाका आधारमा । उहाँहरूका अनुसार नेपालमा पाहान जातिको बसोवास झापा जिल्ला, मेचीनगर नगरपालिका वार्ड नं. १५ मा रहेको छ । र पाहान जातिका मानिसहरू नागरी भाषा बोल्ने गर्छन् ।

[८४]पोद्दार कल्याण समाज नेपाल, केन्द्रिय कार्य समिति इनरूवा- २ सुनसरी- जिल्लाका अध्क्ष- प्रमोद कुमार पोद्दारले २०७८ माघ १० गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[८५]मिति २०७७ भदौ २९ गते यस मधेशी आयोगले आयोजना गरेको थर सूचिकरण सम्बन्धी छलफल-बैठकमा वैश्य युवा संघ मार्फत प्राप्त भएको सूचिकृत हुनवाट छुटेको एक जात ।

[८६]नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

८७.**बङ्गाली** जाति/समुदायका थरहरूः

बङ्गाली, बाघ, सालिनतिनी, राय, खान, पोइला, मांझी, मेचुवा, मेचो, उझा, ओझा, कुशमेतीया, नोडा, सेन गुप्ता, राय, चौधरी, दास गुप्ता, कर्मकार, स्वर्णकार, राय, दिक्षीत, भौमीक, मोदक, मजुमदार, साहा, साहु, साउमंडल, हल्दर, शाहा, चौधरी, रायबोसुनिया, राय, गोस्वामी, पाल, तोपदार, खाँसनाबिस, बंगोपाध्याय, बेनर्जी, चक्रवर्ती, मुखर्जी, चक्रवर्ती थाकुर, मुखोपाध्याय, चटर्जी, चटोपाध्याय, उपाध्याय, बंगोबास, बक्सी, बक्षी, भट्टचार्य, भट्टाचार्य, भट्टचार्जी, गोस्वामी, बोरथाकुर, शर्मा, आचार्यजी, आचार्य, बोरूवा, घोषाल, मजुमदेर, बहादुरी, मईत्रा, कांजीलाल, महापात्र, गाङगुली, घोष, दत्त, दत्तो, आयानदत्तो, सेन, सरकार, विस्वास, पालीत, पाल, पील, दास, गुहाँ, घर, गुईं, गुना, गुप्ता, दे, देभ, नाँग, नन्दी, नुन्दी, नन्दन, कुन्दु, नाथ, धर, दम, सिंह, सिंधा, सिन्हा, सिना, राहा, लाहा, कर, करा, कुरू, मित्र, मित्रा, बोस, बासु, भद्रा, बईतोष, बाल, बान, बन्धु, बर्धन, बर्मा, राना, राय, राय चौधरी, सिल, चेल, चल, चेलभक्षी, समददार, वरूवा, बोरूवा, वरूवाहा, चन्दा, हजरा, कुमार, मन्ना, भुमिक, लाल, मल्लीक, मोल्लीक, चौधरी यादव, चौरशी, थाकुर, घोष, सोदगोप, अगुरी, बरूजीवी, शीभदास, दास, सथिर, सुरी, सुरल, स्वामी, हजाम, सुन्धी, जोगी, कर्मकार, बरूई, मनना, अधिकारी, पोदार, साधुखान, कपासीया, नसकर, सुरी, मलिक, कुर्मी, मोची, राम, घोबा, किसान, राजवंशी, मंडल, मोण्डल, मंडी, केवट, कभी, कभिराज, कोयडी, करोरी, केवरा, केने, कविरथ, माझी, माझेल, माजी, माला, मलाहा, मलहाभुमीया, सिखारिया, गोबरिया, पंचकोटी, मुलो, डालिया, धुल, मलुवा, झतीया, जेताई, पथुरीया, माघी, माकुर, धानुर ।[८७]

८८.**बड्ही / बढ्ई** जातका थरहरूः

बड्ही, बढ्ई, ठाकुर, शर्मा, सुतिहार, कमार, बरही, बढ ।[८८]

---

[८७]नेपाल राष्ट्रिय बङ्गाली समाज, केन्द्रिय कार्यसमिति, बबरमहल काठमांडौ का अध्यक्ष- पार्थो सरकार ले २०७७ चैत ३१ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

[८८]नेपाल बड्ही समाजका अध्यक्ष- योगेन्द्र शर्माले २०७८ असाढ १६ गते पत्र मार्फत उपलब्ध गराएका सूचना..., -पालहीनन्दन गाउँपालिका, नवलपरासीका अध्यक्ष- बैजु प्रसाद गुप्ताले २०७७ चैत १० गते पत्र मार्फत उपलब्ध गराएका सूचना..., र बरियारपट्टी गाउँपालिकाका अध्यक्ष- सन्तोष कुमार मेहताले २०७७ चैत २६ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

८९.**बन्जारा (सिकारी)** जातका थरहरू:

बरही, नट, बैध ।[८९]

९०.**बरनवाल** जातका थरहरू:

बरनवाल, बर्णवाल, गुप्ता, साह, गोयल, चौधरी ।[९०]

९१.**बरई** जातका थरहरू:

चौरसिया, बरै, बरई, जयसवाल, तमोली, नगबंशी, भगत, राउत, नांग, तिवारी, मंडल, चौधरी ।[९१]

९२.**बहरदार** जातका थरहरू:

मल्लाह, बहरदार, सहनी, साहनी, निषाद ।[९२]

९३.**बहेलिया**[९३] जात:

९४.**बाँतर** जातका थरहरू:

सरदार, माझी, राजवंशी, ढोकेबाज, धोकेवाल, माइती ।[९४]

---

[८९]नथुनी बरही, मुकेश नट र क्रान्ती बैध ले संयुक्तरूपमा २०७८ भदौ ९ गते यस आयोगका सदस्य मा. रेणु साह मार्फत दिनुभएको निवेदनमा उल्लेख भएअनुसार । उहाँहरू जीतपुर सिमरा उपमाहानगरपालीका वडा नं. १८ का स्थायी बिन्दा हुनुहुन्छ । र नरैनापुर गाउँपालिका, बाँकेका अध्यक्ष- इश्तियाक अहमद शाहले २०७७ फागुन २१ गते उपलब्ध गराएका सूचनाका आधारमा । नेपाल सरकार मन्त्रि परिषदले २०६४ सालमा पारित गरेको मधेशी समुदाय अन्तर्गत पर्ने जातहरुको सूचि र २०६५ फागुन १४ गतेको कान्तिपुर दैनिक पत्रिकामा प्रकासित "नेपाल सरकारको निर्णय अनुसार देहाय बमोजिमका जात-जाति र समुदायलाई मधेशी घोषणा" शिर्षकको सूचना वाट प्राप्त गरेको ।

[९०]बरनवाल सेवा समिति (आदर्शनगर १० बीरगंज नेपाल)का अध्यक्ष- मुरलीधर बरनवाल ले २०७७ पुस ६ गते पत्र मार्फत उपलब्ध गराएका सूचनाका आधारमा ।

